# गोरखा नगरपालिकाको स्थानीय पाठ्यक्रम

२०७८

आधारभूत तह (कक्षा ४–८)

## गोरखा नगरपालिका

शिक्षा, युवा तथा खेलकुद शाखा

# गोरखा नगरपालिकाको

स्थानीय पाठ्यक्रम

२०७८

आधारभूत तह (कक्षा ४–८)

**सल्लाहकार समितिः**

| | | |
|---|---|---|
| नगर प्रमुख | : | राजनराज पन्त |
| नगर उपप्रमुख | : | विनाकुमारी श्रेष्ठ |
| प्रमुख प्रशासकीय अधिकृत | : | दिनेशराज पन्त |

| | | |
|---|---|---|
| विषय सम्पादन | : | विष्णु प्रसाद पराजुली |
| संयोजन | : | चन्द्रबहादुर खड्का |
| भाषा सम्पादन | : | विश्वनाथ वाग्ले |
| | | ध्रुवराज अर्याल |
| टाइप तथा लेआउट | : | अर्जुन भट्ट |

| | | |
|---|---|---|
| मस्यौदा कार्यदल | : | |
| उपप्राध्यपक | : | कमल प्रसाद कोइराला |
| प्रधानाध्यापक | : | उदय बहादुर भट्ट |
| प्रधानाध्यापक | : | पुरुषोत्तम वावु भट्टराई |
| मावि शिक्षक | : | मेघनाथ लामिछाने |

प्रकाशक

गोरखा नगरपालिका

गण्डकी प्रदेश, नेपाल

©सर्वाधिकारःगोरखानगरपालिका

प्रथम संस्करण: २०७८ (१००० प्रति)

मुद्रकः

**प्रकाशकको लिखित अनुमति विना व्यापारिक उद्देश्यले यस सामग्रीको पूर्ण वा आंशिक रूपमा हुबहु तथा स्वरूप परिवर्तन गरेर छाप्न पाइने छैन तर शैक्षिक प्रयोजन एवं निःशुल्क वितरणका लागि बन्देज लाग्ने छैन।**

# नगर प्रमुखको सन्देश

राज्यको संघीय संरचनामा नेपालको संविधान अनुसार विद्यालय शिक्षा स्थानीयको अधिकार क्षेत्र भित्र आएको परिप्रेक्ष्यमा विद्यालय शिक्षालाई व्यवस्थित बनाउने जिम्मेवारी स्थानीय तहको रहेको छ । विद्यालय तहको शिक्षालाई  उद्देश्यमूलक, व्यवहारिक समसामयिक एवं स्तरीय बनाउने उद्देश्यलाई आत्मसात गर्दै विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तन र स्थानीय आवश्यकता तथा विश्वव्यापी सन्दर्भवीच सन्तुलन ल्याउन समय समयमा पाठ्यक्रम परिमार्जन हुँदै गर्दा एकीकृत पाठ्यक्रम (कक्षा १-३) २०७७ विद्यालय तहमा लागू भैसकेको बर्तमान अवस्थामा उक्त पाठ्यक्रमले व्यवस्था गरेको स्थानीय पाठ्यक्रममा मातृभाषिक सीप स्थानीय विषयवस्तु समावेश गरी विद्यालय आफैँले व्यवस्था गर्नुपर्ने भनी पाठ्यक्रम विकास केन्द्रले निर्देश गरे अनुरुप यस/ नगरपालिकाले आफ्नो नगर क्षेत्र भित्र विद्यालय शिक्षामा एउटै खालको विषयवस्तुहरु अध्यापन गराउन विद्यालयहरुवाट पनि माग भै आएको स्थानीय सरोकारवाला तथा बुद्धिजीवीहरुसँगको छलफलबाट राय र सुझाव पनि सोही अनुरुप प्राप्त हुन आएकोले केन्द्रिकृत पाठ्यक्रमले नसमेटेको स्थानीय स्तरमा आवश्यकता महशुस भएका विषयवस्तु समेटी यस खालको पाठ्यक्रम नगर क्षेत्र भित्रका विद्यालयहरुमा शैक्षिक सत्र २०७८ **गोरखा नगरपालिकाको स्थानीय पाठ्यक्रम कक्षा १-३** लागू गरी कार्यान्वयनमा ल्याइएको हो । क्रमश कक्षा ४ देखि ८ सम्म लागु गर्दै जाने नीतिगत व्यवस्था भए अनुसार यस गोरखा नगरपालिकाले पनि चालु आव २०७८/७९ मा गोरखा नगरपालिकाको स्थानीय पाठ्यक्रम नामक पाठ्यक्रम निर्माण गरी शैक्षिक सत्र २०७९ देखि नगरक्षेत्रका सबै विद्यालयहरुमा पाठ्यक्रम विकास केन्द्रले तोकेको समय तालिका अनुसार लागु गर्ने गरी यो पाठ्यक्रम तयार पारिएको हो ।

यस नगरपालिकाले अपनत्व लिँदै सम्वन्धित विषयका विज्ञहरुको राय सल्लाह र सुझावमा निर्मित यस खालको पाठ्यक्रमले विद्यार्थी वर्गमा स्थानीय ज्ञान र सीप प्रवाह गर्नेमा विश्वास लिन सकिन्छ । आगामी दिनमा यस पाठ्यक्रमलाई विद्यालय शिक्षाको तहगत र कक्षा गत सक्षमतालाई विज्ञहरुको सुझाव समावेस गर्दै परिमार्जन गरि कार्यान्वयन गरिँदै लगिनेछ ।

अन्त्यमा पाठ्यक्रम निर्माणको क्रममा सहयोग पुर्याउनुहुने विज्ञ समूह पाठ्यक्रम निर्माण समितिका पदाधिकारीहरु र आ-आफ्नो ठाउँवाट राय सल्लाह र सुझाव राख्नुहुने महानुभावहरु, निर्माणका चरणमा भूमिका खेल्ने सम्वन्धित शाखाका कर्मचारीहरुमा धन्यवाद दिँदै यस पाठ्यक्रमको कार्यान्वयन हुनेमा पूर्ण रुपले विश्वस्त रहेको छु ।

नगरप्रमुख
(राजनराज पन्त)

# नगर उप-प्रमुखको सन्देश

बदलिँदो परिस्थिति एवम् युगको माग अनुसार दिनानुदिन बढ्दै गइरहेको विज्ञान तथा प्रविधिमा आएका नयाँ नयाँ ज्ञान र सीपसँग आजका वालवालिकालाई परिचित गराउँदै एक कुशल सक्षम र सीपयुक्त जनशक्ति उत्पादन गर्ने हेतुले विद्यालय तहमा शिक्षा प्रदान गर्न तयार गरिएका पाठ्यक्रमहरु परिमार्जन हुदै गर्दा एकीकृत पाठ्यक्रम (कक्षा १-३)  २०७६ विद्यालय तहको शिक्षामा लागू भई सकेको छ।

यसै पाठ्यक्रमले व्यवस्था गरे अनुसार मातृभाषिक सीप स्थानीय विषयवस्तु समेटिएको १६० पाठ्यभारको पाठ्यक्रम विद्यालय आफैंले व्यवस्था गर्नुपर्ने भन्ने भए अनुसार यस गोरखा नगरपालिकाले पनि आफ्नो नगर क्षेत्र भित्रका विशेषत कला, संस्कृति, वेशभूषा र ऐतिहासिक एवं प्राचिन सम्पदाहरुको पहिचान गराउने हेतुले यो **गोरखा नगरपालिकाको स्थानीय पाठ्यक्रम (कक्षा १-३)** निर्माण गरी शैक्षिक सत्र २०७८ मा कार्यन्वयनमा ल्याइसकिएको र कक्षा ४ देखि ८ सम्म यसै चालु आव २०७८/८९ मा निर्माण गरी शैक्षिक सत्र २०७९ देखि कार्यन्वयनमा ल्याइने भएको छ।

विभिन्न चरणमा विज्ञहरुको सेवा लिई तयार गरिएको यस पाठ्यक्रमले विद्यालय तहका वालवालिकामा उपयुक्त किसिमको ज्ञान सीप प्रवाह हुनेमा विश्वास लिइन्छ। राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३ ले पनि विद्यालय तहको पाठ्यक्रम कक्षा १-५ मा स्थानीय पाठ्यक्रम १०० पूर्णाङ्कको र सामाजिक सिर्जनात्मक अभिव्यक्तिसील कला र शारिरीक शिक्षामा २० प्रतिशत स्थानीय अंशको व्यवस्था गरिएता पनि त्यसलाई कार्यान्वयनमा ल्याउन सकिरहेको अवस्था थिएन। अहिलेको पाठ्यक्रमले व्यवस्था गरे अनुसार यस नगरपालिकाले शैक्षिक सत्र २०७८ देखि कक्षा १-३ मा लागू गरिसकिएको छ। यसै पाठ्यक्रमलाई विस्तृतिकरण गरी कक्षा ८ सम्ममा नै यस पाठ्यक्रम लागु हुने कुरामा विश्वस्त छु। यस पाठ्यक्रम निर्माणका क्रममा सहयोग पुऱ्याउने सवैमा धन्यवाद दिन चाहन्छु र कार्यान्वयनको चरणमा सवै सरोकारवालाहरुको हातेमालो मिल्ने नै छ भन्नेमा विश्वस्त रहेको छु।

नगर उपप्रमुख
(बिना कुमारी श्रेष्ठ)

# प्रमुख प्रशासकीय अधिकृतको सन्देश

विद्यालय तहको शिक्षालाई बढी उद्देश्यमूलक, व्यवहारिक, समसामयिक एवम् स्तरीय बनाउने अभिप्रायले शिक्षक, अभिभावक, विद्यार्थी तथा बुद्धिजीवीबाट प्राप्त राय सुझाव साथै ज्ञान, विज्ञान तथा प्रविधिमा भएको विकास तथा स्थानीय आवश्यकता तथा विश्वव्यापी सन्दर्भवीच सन्तुलनको आवश्यकतालाई समेत दृष्टिगत गरी विद्यालय तहका पाठ्यक्रम परिमार्जन हुँदै जानेक्रममा एकीकृत पाठ्यक्रम २०७६ परिमार्जन भई विद्यालय तहको कक्षा १ मा शैक्षिक सत्र २०७७ देखि लागू भैसकेको यस परीप्रेक्षमा एकीकृत पाठ्यक्रम २०७६ ले व्यवस्था गरे अनुसार ५ पाठ्यघण्टी र १६० पाठ्यभार भएको मातृभाषिक सीप/स्थानीय विषय विद्यालय शिक्षामा व्यवस्था गर्न निर्देश भए अनुसार यस गोरखा नगरपालिकाले पनि आ.व. ०७७/०७८ को वार्षिक कार्यक्रममा स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याउन वजेट समेत स्वीकृत भैसकेको र चालु आर्थिक वर्ष २०७८/७९ मा पनि सोही प्रक्रिया अनुसार कक्षा ४ देखि ८ सम्मको लागि स्थानीय पाठ्यक्रम निर्माण गर्न बजेट समेत व्यवस्था भएको र सोही अनुसार पाठ्यक्रम निर्माणका चरण र सिद्धान्त अनुसार यो पाठ्यक्रम निर्माण हुन पुगेको छ।

शैक्षिक सत्र २०७८ मा नगर भित्रका सवै विद्यालयहरुमा कक्षा १ देखि ३ सम्म यो **गोरखा नगरपालिकाको स्थानीय पाठ्यक्रम (कक्षा १-३)** पाठ्यक्रम लागू गरी कार्यान्वयनमा ल्याइसकिएको छ। आधारभूत तहको कक्षा ८ सम्म यस पाठ्यक्रमलाई विस्तृत ीकरण गर्दै एकीकृत पाठ्यक्रम २०७६ ले व्यवस्था गरे अनुसार लागू गर्ने क्रममा यो पाठ्यक्रम निर्माण भएको छ। यसका अतिरिक्त पाठ्यक्रम अनुसारको पाठ्यपुस्तक (कार्यपुस्तिका) समेत निर्माण गरी विद्यार्थीको हात हातमा पुर्याउन पनि नगरपालिका वजेट सहित लागि परेको छ।

राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषदले स्वीकृत गरी शैक्षिक सत्र २०७७ देखि नेपालका सवै विद्यालयहरुमा एकीकृत ढाँचाको पाठ्यक्रम कार्यान्वयनमा ल्याई सकेको हुनाले यसै पाठ्यक्रमले व्यवस्था गरेको ४ पाठ्यघण्टी र १२८ पाठ्यभारको स्थानीय पाठ्यक्रम कक्षा ४ देखि ८ सम्म लागू गरिदिनुहुन आम सरोकारवालाहरुमा अनुरोध गर्दै यस पाठ्यक्रम निर्माणमा सहयोग पऱ्याउने सवैमा धन्यवाद दिन चाहन्छु। पाठ्यक्रम गतिशील दस्तावेज भएकोले यसको सुधार तथा परिमार्जनमा सम्वन्धित सवैको निरन्तर रचनात्मक सुझाव प्राप्त हुनेमा आशावादी पनि छु।

प्रमुख प्रशासकीय अधिकृत
(दिनेशराज पन्त)

# हाम्रो भनाइ

शिक्षा मानव जीवनको एक अपरिहार्य विषय हो । प्राचीनकालमा गुरुआश्रमवाट शुरु भएका शिक्षालय आज आएर विद्यालय, महाविद्यालयमा परिणत भएका छन, जहाँवाट मानिसहरु दिक्षित पनि भएका छन् । यीनै शिक्षालयमा अध्ययन गरिने विषयको छनोट भने पाठ्यक्रमवाट गरिन्छ । योजनावद्ध शिक्षणको लागि पाठ्यक्रमको आवश्यकता पर्छ । पाठ्यक्रम समयसापेक्ष परिमार्जन हुँदै जान्छ । यसै अनुरुप नेपालको विद्यालय शिक्षाको पाठ्यक्रम केन्द्रिकृत भएको, लादिएको पाठ्यक्रम पढ्नुपर्ने बाध्यता रहेको भन्ने अवगालहरु बर्षौंदेखि खेप्दै आएकोमा राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३ ले स्थानीय पाठ्यक्रम र स्थानीय अंशको व्यवस्था गरी केन्द्रित पाठ्यक्रमले विकेन्द्रित गरे पनि स्थानीय स्तरमा यसको कार्यान्वयनको पाटो अधुरै रह्यो । एकीकृत पाठ्यक्रम २०७६ ले व्यवस्था गरे अनुसार शैक्षिक सत्र २०७८ देखि आधारभूत तहका कक्षा १ देखि ३ सम्म स्थानीय पाठ्यक्रम निर्माण भई यस नगरपालिकामा लागू भई सकेको छ । शैक्षिक सत्र २०७९ मा एकिकृत पाठ्यक्रम २०७६ ले कक्षा १ देखि ८ सम्म नै स्थानीय पाठ्यक्रमको व्यवस्था गरेको हुनाले यस नगरपालिकाले शैक्षिक सत्र २०७८ का लागि कक्षा (१-३) को पाठ्यक्रम निर्माण गरि कार्यन्वयनमा ल्याएको र शैक्षिक सत्र २०७९ देखि लागू गर्ने गरी कक्षा ४ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम निर्माण गरिएको छ । स्थानीय विषयवस्तु समावेश गरिएको विशेषत: पाठ्यक्रम विकास केन्द्रले तयार पारेको पाठ्यक्रममा समावेश हुन नसकेका यस स्थानीय क्षेत्रले आवश्यकता महशुस गरेका विषयवस्तु समेटी नगर क्षेत्रमा गठित स्थानीय पाठ्यक्रम निर्माण समितिले गोरखा नगरपालिकाको स्थानीय पाठ्यक्रम गोरखा नगरपालिकाको स्थानीय पाठ्यक्रम नामक स्थानीय पाठ्यक्रम नाम दिई कार्यान्वयनमा ल्याउन लागिएको हो ।

गोरखा नगरपालिकामा गठित स्थानीय पाठ्यक्रम निर्माण समितिले नगरकार्यपालिकाका सदस्यहरु, नगरपालिकाका समुदायिक तथा संस्थागत विद्यालयका सम्पूर्ण प्रधानाध्यापकहरुसँग व्यापक छलफल गरि साझा अवधारणाको रुपमा यस पाठ्यक्रमलाई मूर्त रुप दिने काम भएको हो । निर्माणका क्रममा गोरखा उद्योग वाणिज्य संघ, पर्यटन विकास केन्द्र गोरखा, लगायत पालिका स्थित विद्यालय महाविद्यालयका प्राध्यापक तथा प्राधानाध्यापकहरुसँगको छलफल, राय सल्लाह र सुझाव समेतवाट तयार गरिएको यस पाठ्यक्रमले विद्यालय शिक्षाका वालवालिकाहरुलाई स्थानीय ज्ञान र सीप प्रदान गर्नुको साथै अभिभावक ज्यूहरुको शिक्षामा गरेको लगानीलाई उचित संवोधन गर्न सक्छ भन्ने विश्वासका साथ यस पाठ्यक्रम निर्माण भएको हो । गोरखा जिल्ला भौगोलिक विविधताका साथै एक ऐतिहासिक एवं सांस्कृतिक संपदाले भरिपूर्ण जिल्ला हो । यसै जिल्लाको सदियौंदेखि सदरमुकाम रहेको यस गोरखा नगरपालिका आफैंमा एक खालको परिचय बोकेको नगर हो । यसै नगर भित्र रहेका अनेकौं ऐतिहासिक एवं कला संस्कृतिलाई चिनाउनु नै यस पाठ्यक्रमको मूल आशय हो भन्न सकिन्छ ।

अन्त्यमा गोरखा नगरपालिकाले विद्यालय शिक्षाका लागि आफ्नो नगर क्षेत्र भित्र लागू गर्न तयार गरेको यो **गोरखा नगरपालिकाको स्थानीय पाठ्यक्रम (कक्षा ४-८)** पाठ्यक्रमका विषयवस्तुहरुको सान्दर्भिकता र औचित्यता यसको सफल र प्रभावकारी कार्यान्वयनबाट संभव हुने कुरालाई दृष्टिगत गरी पाठ्यक्रम निर्माणमा विशेषत विज्ञको सेवा दिनुहुने पूर्व उपसचिव पाठ्यक्रम विकास केन्द्र श्री विष्णु प्रसाद पराजुली लगायत प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग पुर्याउनुहुने सम्पूर्ण महानुभावमा हार्दिक धन्यवाद दिँदै निर्माणको क्रममा जे जसरी सवै तह र तप्कावाट सहयोग प्राप्त भयो त्यसै गरी कार्यान्वयनमा पनि आ-आफ्नो स्थानवाट सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ । साथै पाठ्यक्रम गतिशील दस्तावेज भएकोले सुधारका निमित्त प्राप्त रचनात्मक सुझावहरुलाई आगामी संस्करणमा समावेश गर्दै लगिनेछ ।

स्थानीय पाठ्यक्रम निर्माण समिति

गोरखा नगरपालिका

गोरखा ।

# विषय सूची


| क्र.सं. | पाठ शीर्षक | पेज नं |
| --- | --- | --- |
| १ | पालिका परिचय | |
| २ | विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य | |
| ३ | आधारभूत तहको तहगत सक्षमता | |
| | क) कक्षा १ देखि ८ | |
| | ख) कक्षा १ देखि ३ | |
| | ग) कक्षा ४ र ५ | |
| | घ) आधारभूत शिक्षा (कक्षा ६–८) का सक्षमता | |
| | ङ) स्थानीय पाठ्यक्रम कक्षा ४ देखि ८ सम्मको सक्षमत | |
| ४ | स्थानीय पाठ्यक्रमका तहगत सिकाइ उपलब्धि | |
| ५ | पाठ्यक्रम कार्यान्वयन योजना | |
| ६ | आधारभुत तहको पाठ्यक्रम ढाँचा | |
| ७ | स्थानीय पाठ्यक्रमको विषयक्षेत्रगत अनुमानित पाठ्यभार वितरण | |
| ८ | कक्षागत सिकाइ उपलब्धि | |
| ९ | कक्षागत विषयवस्तुको क्षेत्र र क्रम | |
| १० | कक्षागत विषय विस्तृतीकरण | |
| | क) कक्षा ४ | |
| | ख) कक्षा ५ | |
| | ग) कक्षा ६ | |
| | घ) कक्षा ७ | |
| | ङ) कक्षा ८ | |
| ११ | सिकाइ सहजीकरण प्रकृया | |
| १२ | सिकाइ मूल्याङ्कन प्रक्रिया | |

## १. पालिका परिचयः

नेपालको करिव मध्य भागमा अवस्थित, गण्डकी प्रदेशमा पर्ने गोरखा जिल्लाको एकमात्र ऐतिहासिक नगरी गोरखा नगरपालिकाको गठन वि.स. २०५३ साल माघ १५ गते साविकका ३ वटा गोरखकाली, रानिश्वारा र तारानगर गा.वि.स.हरूलाई समेटेर गरिएको हो। साथै नेपाल सरकार को मिति २०७१ साल मसिंर १६ को निर्णय अनुसार साविक फिनाम र नारेश्वर गा.वि.स. तथा मिति २०७३ मंसिर २० को निर्णय अनुसार ताप्ले र देउराली गाविस थप गरि यस न.पा.ले कुल १३१.८६ वर्ग कि.मि. क्षेत्रफल ओगटेको छ।
राजधानी काठमाण्डौदेखि १४१ कि.मि. पश्चिम र अमर सिंह राजमार्गको आँवु खैरेनी तनहुँबाट २४ कि.मि. उत्तरमा पर्ने यस न.पा. को अधिकांश भू–भाग पहाडी क्षेत्रले ढाकेको छ भने केहीभाग टार बेसीले ढाकेको छ।
यस नगरपालिका आफैँमा भौगोलिक विविधताले सम्पन्न त छँदैछ यसका साथै यस न.पा. को कुन्दुरटार, तेह्र कि.मि. घुम्ति बजार, मैदान, पस्लाङ्ग, सतिपीपल, गोरखकाली दरवार, उपल्लोकोट, भीमसेन स्मारक आदि क्षेत्रबाट यस जिल्लाको उत्तर तर्फ रहेकामनास्लु, हिउँचुली र लार्केका साथै पश्चिमतर्फ लमजुङ्ग जिल्ला अन्तर्गत पर्ने लमजुङ्ग र वौद्ध हिमालका मनोरम दृश्यहरू पनि अवलोकन गर्न सकिन्छ।

**ऐतिहासिक पृष्ठभूमिः**

विश्व सामू गुर्खाको नामबाट परिचित गोर्खालीहरूको भूमि गोरखाले राष्ट्रिय इतिहासको पानामा एउटा महत्वपूर्ण स्थान ओगटेको छ। वर्तमान नेपालको एकीकरणको सूत्रपात भएको यस जिल्लाको ऐतिहासिक धरोहर मध्ये गोरखा दरबार, गोरखनाथ मन्दिर, कालिका मन्दिर एवं तल्लो दरबार आदि यसै नगरपालिकाभित्र पर्दछन्। नेपाल एकीकरणमा महत्वपूर्ण योगदान दिने वीरवीरङ्गनाहरू मध्ये पृथ्वीनारायण शाह सँगै शाह वंशीय राजा द्रब्य शाह देखि पृथ्वीनारायण शाह र राष्ट्रिय विभूती भीमसेन थापा, बीसे नगर्चीको जन्म यसै नगरपालिकामा भएको थियो।

**सिमानाः**

| | | |
|---|---|---|
| पूर्व | : | शहीद लखन र भीमसेन गा.पा |
| पश्चिम | : | पालुङ्टार न.पा. |
| उत्तर | : | सिरान्चोक गा.पा. |
| दक्षिण | : | शहीद लखन गा.पा र तनहुँ जिल्ला |

**भौगोलिक अवस्थितिः**

अक्षांश : २७$^0$ ५६'०३" उत्तरी अक्षांश देखि २८$^0$१३'०७" उत्तरी अक्षांश सम्म
देशान्तर : ८४$^0$२३' पूर्वी देशान्तर देखि ८४$^0$ ३८' पूर्वी देशान्तर सम्म
उचाई : (समुन्द्र सतहबाट) ३२८ मि. देखि १५२२ मि. सम्म

**हावापानीः**

औसत तामक्रम अधिकतम – २५ डि.से.
न्यूनतम – ०६ डि.से.
औसत वर्षा – १४९२ मि.मि.

**मुख्यनदी र खोला:**

मुख्यनदीहरु : मर्स्याङ्दी र दरौंदी

खोलाहरू : सिर्दी, लुदी, कर्णे खोला,ज्यादुल खोला,गंगटे खोला र बेनी खोला, खाल्टे खोला, भालु खोला

**धार्मिक स्थलहरु**:

| **क्र.सं.** | **धार्मिक स्थलहरु** | **क्र.सं.** | **धार्मिक स्थलहरु** |
|---|---|---|---|
| १ | गोरखकाली मन्दिर | २ | गोरखनाथ गुफा |
| ३ | विरिमकाली मन्दिर | ४ | तल्लो दरवार |
| ५ | चौघेरा दरवार | ६ | राधावल्लवेश्वर मन्दिर |
| ७ | सीतापाईला देविथान | ८ | कृष्ण मन्दिर |
| ९ | हनुमान ढोका | १० | भिमसेन स्मारक |
| ११ | विन्ध्यावासिनी | १२ | ठुलो आँगन |
| १३ | रामेश्वर मन्दिर | १४ | नामरुङ देवी विद्या मन्दिर |
| १५ | पश्चिमकाली मन्दिर | १६ | विष्णु पान्चायन |
| १७ | खड्ग देवी मन्दिर | १८ | रानीवन सरस्वती मन्दिर |
| १९ | चिल्ड्रेन पार्क | २० | बुडी कोट |
| २१ | ताप्लेकोट | | |

**पर्यटकीय स्थलहरु**:

**उपल्लो गोरखा दरवार क्षेत्र**:

| **क्र.सं.** | **स्थानहरु** | **क्रं.सं.** | **स्थानहरु** |
|---|---|---|---|
| १. | गोरखनाथ गुफा | २. | रामशाह चौतारा |
| ३. | गोरखकाली मन्दिर | ४. | गणेश स्थान |
| ५. | शित्तलपाटी | ६. | रंगमहल |
| ७. | रोटपाटी | ८. | पण्डितपाटी |
| ९. | श्री पशुपति गुहेश्वरी | १०. | चौघेराभवन |
| ११. | विद्याभगवती मन्दिर | १२. | हनुमान भञ्ज्याङ्ग |
| १३. | सरस्वती मन्दिर | १४. | शिवपरिवारको प्राचीन मुर्ती |
| १५. | सीतापाइला | १६. | चण्डीभञ्ज्याङ्ग |
| १७. | वज्रभैरव मन्दिर | १८. | |

**तल्लो दरबार (गोरखा संग्रहालय)**:

गोरखा नगरपालिका वडा नं ६ पोखरीथोक स्थित ठुलोआँगनमा यो दरवार रहेको छ। शुरुमा ६ रोपनी मात्र क्षेत्रफलमा सिमित रहेको यस दरवारको संरक्षणको जिम्मा पुरातत्व विभागले लिएपछि हाल यो दरवार ७० रोपनी क्षेत्रफलमा फैलिएको छ। बीचमा चोक, तीनतिर ३/३ तला भएको दक्षिणतिर कौशीसहितको चार तला भएको ३०/३० वर्ग मिटर क्षेत्रफलमा निर्मित यो दरवार मध्ययुगिन पगौडा शैलीमा बनेको छ ।यहाँ कलात्मक टुँडाल र आँखीझ्याल, स्वस्तीकको चिन्ह, देवी देवता तथा गरुढ कलशको द्धारपालको साथै दरवार परिसरमा रोपिएका ६० जातका फूलहरु, अमर चित्रकारद्वारा २०४८ सालमा निर्माण गरिएको यस दरवारमा हाल ऐतिहासिक संग्रहालय निर्माण गरिएको छ।

**संग्राहालयहरु**:

- गोरखा संग्राहालय तल्लो दरबारमा रहेको।
- हर्वेरियम तथा वनस्पती संग्राहाल  साविकको जिविस कार्यालयमा रहेको।

**शैक्षिक स्थिति**:

| क्र.सं. | संस्था | सामुदायिक | संस्थागत |
|---|---|---|---|
| १ | क्याम्पस | १ | १ |
| २ | वालविकाश केन्द्र | ५० | १८ |
| ३ | आधारभूत कक्षा १-३. | १६ | ३ |
| ४ | आधारभूत कक्षा १-५. | ११ | ५ |
| ५ | आधारभूत कक्षा १-८. | ५ | ४ |
| ६ | मा. वि. कक्षा १-१०. | ६ | ६ |
| ७ | मा.वि. कक्षा १-१२. | ११ | १ |
| ८ | सामुदायिक सिकाई केन्द्र | ३ | ० |

**स्वास्थ्य संस्था सम्बन्धि विवरण**:

| क्र.सं. | स्वास्थ्य संस्थाको किसिम | संख्या | क्र.सं. | स्वास्थ्य संस्थाको किसिम | संख्या |
|---|---|---|---|---|---|
| १ | सरकारी अस्पताल | १ | २ | सामुदायिक अस्पताल | १ |
| ३ | स्वास्थ्य चौकी | ६ | ४ | सामुदायिक स्वास्थ्य ईकाइ | १ |
| ५ | दन्त उपचार केन्द्र | २ | ६ | आयुर्बेद औषधालय | १ |
| ७ | प्राइभेट अस्पताल | ५ | ८ | गाउँघर क्लिनिक | ४३ |
| ९ | खोप क्लिनिक | ४३ | १० | शहरी स्वास्थ्य केन्द्र | ७ |
| ११ | प्राविधिक प्रशिक्षण केन्द्र | ३ | १२ | | |

**विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य:**

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले परिवर्तित संरचना र राज्य व्यवस्था अनुरूप निम्नानुसार शिक्षाका राष्ट्रिय उद्देश्यहरू तय गरेको छ ।

क. प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गरी व्यक्तित्व विकास गर्ने,

ख. संघीय लोकतान्त्रिक गणतन्त्रका मूल्यमान्यताप्रति प्रतिवद्ध, राष्ट्र र राष्ट्रियताप्रति बफादार, स्वाभिमानी, सामाजिक तथा सांस्कृतिक विविधतालाई सम्मान गर्ने, चरित्रवान्, नैतिकवान् एवम् जिम्मेवार नागरिक तयार गर्ने,

ग. श्रमप्रति सम्मानद एवम् सकारात्मक सोच भएका, रोजगार तथा स्वरोजगार उन्मुख, उत्पादनमुखी, उद्यमशील र स ीपयुक्त नागरिक तयार गर्ने,

घ. व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक सद्भाव तथा सहिष्णुता र राष्ट्रिय एकता सुदृढ गर्न सहयोग पुऱ्याउने,

ङ. प्राकृतिक तथा राष्ट्रिय सम्पदा र पर्यावरणको संरक्षण,संवर्द्धन र सदुपयोग गर्दै दिगो विकासमा योगदान गर्ने सचेत नागरिक तयारगर्ने,

च. प्रत्येक व्यक्तिमा शान्ति, मानवअधिकार, समानता, समावेशिता र सामाजिक न्यायका मान्यतानुरूपको आचरण विकास गरी समतामूलक, समावेशी, न्यायपूर्ण र समाजवादउन्मुख राष्ट्र निर्माणमा मद्दतगर्ने।

छ. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी, आधुनिक सूचना तथा सञ्चार प्रविधि प्रयोगगर्नसक्ने विश्वपरिवेश सुहाउँदोदक्षजनशक्ति तयार गर्ने,

ज. वैज्ञानिक अवधारणा, तथ्य, सीप, सिद्धान्त तथा प्रविधिको प्रयोग गर्न सक्ने वैज्ञानिक सुझबुझ भएको तथा अनुसन्धानमुखी जनशक्ति तयार गर्ने,

झ. रचनात्मक तथा समालोचनात्मक चिन्तन गर्ने, जीवनोपयोगी सीप भएका, सहिष्णु, भाषिक सक्षमतामा निपुण नागरिक तयार गर्ने,

ञ. नेपाली मौलिक कला, संस्कृति, सौन्दर्य, आदर्श तथा विशिष्टताहरूको संरक्षण,संवर्द्धन र विस्तारतर्फ अभिप्रेरित भई नेपाली पहिचानप्रति गौरव गर्ने नागरिक तयार गर्ने,

ट. जलवायु परिवर्तनतथा प्राकृतिकएवम् मानवसिर्जित प्रकोप प्रतिसचेत रही सम्भावित जोखिम न्युनीकरण तथा विपद् व्यवस्थापन गर्न सक्षम नागरिक तयार गर्ने,

ठ. सामाजिक न्यायमा आधारित समृद्ध राष्ट्र निर्माणका निम्ति आवश्यक मानव संसाधनको विकास गर्ने ।

**३. आधारभूत तहका सक्षमताहरू:**

आधारभूत शिक्षाले विद्यार्थीकेन्द्रित शिक्षाका माध्यमद्वारा बालबालिकामा अन्तर्निहित प्रतिभाको विकास गर्ने लक्ष्यराखेको छ। यस तहको शिक्षाको मुख्य उद्देश्य राष्ट्रप्रेम र लोकतन्त्रमा विश्वास गरी राष्ट्रियताको संरक्षणर संवर्द्धन गर्ने, अधिकार र कर्तव्यको पालनासहित स्वतन्त्रताको सम्मान गर्ने, सामाजिक र प्राकृतिक वातावरण प्रति सचेत भईमानवीय मूल्य र मान्यताअनुकुल व्यवहार गर्न कर्तव्यनिष्ठ नागरिक उत्पादन गर्नु हो । यस तहको शिक्षा प्राप्त गरिसकेका बालबालिकाहरू आफ्ना विचार आदानप्रदान एवम् दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्या समाधान गर्न सक्षम, स्वावलम्बी, परिश्रमी, वैज्ञानिक सुझबुझ भएका, स्वास्थ्यप्रति सचेत र नैतिकवान् हुनेछन् ।

**क) आधारभूत शिक्षा (कक्षा १ देखि ८) का सक्षमताः**

१. देशप्रेम तथा राष्ट्रिय एकताको भावना एवम् लोकतान्त्रिक मूल्य, मान्यता तथा संस्कार व्यवहारमा प्रदर्शन

२. भाषिक तथा सञ्चार सीपको विकास र व्यावहारिक, सिर्जनात्मक एवम् सान्दर्भिक प्रयोग

३. सूचना र विचारहरूको आदानप्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग

४. तार्किक तथा व्यावहारिक गणितीय ज्ञान, सीप एवम् अभिवृत्ति विकास र प्रयोग

५. वैज्ञानिक अवधारणा, तथ्य, सिद्धान्त र नियमप्रतिको जिज्ञासा एवम् बोध र व्यावहारिक जीवनमा प्रयोग

६. मानव मूल्य र मान्यता एवम् सामाजिक गुणको विकास तथा नागरिक कर्तव्य प्रति सजग

७. जनसङ्ख्या, वातावरण संरक्षण र दिगो विकासबिचको अन्तरसम्बन्धको बोध र व्यवस्थापनमा सहयोग

८. शारीरिक तन्दुरुस्ती, स्वस्थकर जीवनशैली र जीवनोपयोगी सीपको विकास

९. स्थानीय, आधुनिक पेसा, व्यवसाय र प्रविधि एवम् श्रमप्रति सम्मान तथा व्यवहार कुशल सीप (Soft Skills) को प्रयोग

१०. नेपाली कला, साहित्य र संस्कृतिको संरक्षण तथा संवर्द्धन एवम् सिर्जनशीलताको विकास र प्रयोग

११. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशसँग परिचित भई विविधता, विश्वबन्धुत्व र सहअस्तित्व बोध तथा स्वीकार

१२. दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याहरूको पहिचान, विश्लेषण तथा समाधान

**ख) आधारभुत तह (कक्षा १ देखि ३) का सक्षमता:**

१. देशप्रेमको भावना एवम् लोकतान्त्रिक मूल्य, मान्यता र संस्कारको विकास, आधारभूत भाषिक तथा सञ्चार सीपको विकास र व्यावहारिक प्रयोग

२. गणितीय धारणा र सीपको विकास र प्रयोग

३. नैतिकता, अनुशासन, सदाचार र स्वावलम्बन जस्ता सामाजिक मल्य मान्यता एवम् चारित्रिक गुणको विकास

४. विज्ञान, वातावरण, सूचना प्रविधिसम्बन्धी आधारभूत ज्ञान र सीपको विकास

५. शारीरिक तन्दुरुस्ती, स्वस्थकर बानी, सरसफाइ र जीवनोपयोगी सीप तथा व्यवहारकुशलसीपको विकास

६ कला तथा सौन्दर्यप्रति अभिरुचि, सिर्जनात्मक र समालोचनात्मक सीपको विकास

७ आफ्नो परिवेशसँग परिचित भई विभिन्न जातजाति, धर्म, भाषा, संस्कृति, क्षेत्रप्रति सम्मान र समभावको विकास

**ग) आधारभूत तह (कक्षा ४ र ५) का सक्षमता:**

आधारभूत शिक्षा (कक्षा ४– ५) का सक्षमताहरू निम्नानुसार हुनेछन् :

१ देशप्रेमको भावना एवम् लोकतान्त्रिक मूल्य मान्यता र संस्कारको विकास आधारभूत भाषिक तथा सञ्चार सीपको विकास र व्यावहारिक प्रयोग

२. आधारभूत गणितीय अवधारणा र सीपको विकास र प्रयोग

३. नैतिकता, अनुशासन, सदाचार र स्वावलम्बन जस्ता सामाजिक मूल्य मान्यता एवम् चारित्रिक गुणको विकास

४. विज्ञान, वातावरण, सूचना प्रविधिसम्बन्धी आधारभूत ज्ञान र सीपको विकास

५. शारीरिक तन्दुरुस्ती, स्वस्थकर बानी, सरसफाइ र जीवनोपयोगी सीप तथा व्यवहारकुशल सीपको विकास, कला तथा सौन्दर्यप्रति अभिरुचि, सिर्जनात्मक र समालोचनात्मक सीपको विकास

६. आफ्नो परिवेशसँग परिचित भई विभिन्न जातजाति, धर्म, भाषा, संस्कृति, क्षेत्रप्रति सम्मान र समभावको विकास

**आधारभूत शिक्षा (कक्षा ६–८) का सक्षमता:**

१. देशप्रेम एवम् राष्ट्रिय एकताको भावनाको विकास

२. लोकतान्त्रिक मूल्य मान्यता र संस्कारको विकास र विविधताप्रति सम्मान

३. भाषिक तथा सञ्चार सीपको विकास र व्यावहारिक, सिर्जनात्मक एवम् सान्दर्भिक प्रयोग

४. सूचना र विचारहरूको आदानप्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग

५. तार्किक तथा व्यावहारिक गणितीय ज्ञान, सीप र अभिवृत्तिको विकास र प्रयोग

६. वैज्ञानिक अवधारणा, तथ्य, सिद्धान्त र नियमप्रतिको जिज्ञासा एवम् बोध र व्यावहारिक जीवनमा प्रयोग

७. नैतिकता, अनुशासन, सदाचार, स्वावलम्बन जस्ता सामाजिक र मानवमूल्य, मान्यता एवम् चारित्रिक र नागरिक गुणको विकास

८. जनसङ्ख्या, वातावरण संरक्षण र दिगो विकासबिचको अन्तरसम्बन्धको बोध एवम् व्यवस्थापनम सहयोग

९. शारीरिक तन्दुरुस्ती, स्वस्थकर जीवनशैली र जीवनोपयोगी सीप (Life skills) विकास

१०. स्थानीय र आधुनिक पेसा, व्यवसाय र प्रविधि र श्रमप्रति सम्मान तथा व्यवहारकुशल सीप (Soft Skills)

११. नेपाली कला, साहित्य र संस्कृतिको संरक्षण तथा संवर्धन एवम् सिर्जनशीलताको प्रयोग

१२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सामाजिक तथा भौगोलिक परिवेशसँग परिचत भई विविधता, सद्भाव र सहअस्तित्व बोध तथा स्वीकार

१३. दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याहरूको पहिचान, विश्लेषण तथा समाधान

**घ) स्थानीय पाठ्यक्रम (कक्षा १–८) का सक्षमताहरु:**

तय गरिएका राष्ट्रिय उद्देश्य हासिल गर्न शैक्षिक योजना तथा कार्यक्रम संचालन गरिन्छ । यी राष्ट्रिय उद्देश्यहरुलाई विषयवस्तुमा आधारित ज्ञान  तथा सीप सिकाउन तयार गरिएको स्थानीय पाठ्यक्रमको अन्तिम उद्देश्य भनेकै राष्ट्रिय उद्देश्य हासिल गर्न सघाउ पुर्याउनु हो । यसै अनुरुप गोरखा नगरपालिकाले तयार गरेको स्थानीय पाठ्यक्रमले पनि राष्ट्रिय उद्देश्य हासिल गर्न सहयोग पुग्ने गरी देहाय बमोजिमका स्थानीय पाठ्यक्रमका सक्षमता तयार गरेको छ ।

१. स्थानीय सामाजिक प्राकृतिक परिवेशलाई सगौरव ग्रहण गरी विश्व परिवेशमा पहिचान
२. वीर गोरखाली भनी इतिहास रच्दै आएको गोरखा गोरखाली र गुर्खा शव्दलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय परिवेशमा चिन्दै र चिनिदै आएको कुरालाई जीवन्त राख्न, थप अनुसन्धान र खोज गरी यसमा आत्मसात गर्ने क्षमता हासिल
३. गोरखा नगरपालिकाको सेरोफेरोमा आफुलाई परिचित गराउन

**४. स्थानीय पाठ्यक्रमका तहगत सिकाइ उपलब्धि:**

आधारभुत तह पार गरीसके पछि विद्यार्थिले निम्न लिखित ज्ञान सीप हसिल गर्नेछन् ।

- गोरखा नगरपालिकाको सामन्य भुवनोट, प्राकृतिक स्रोत तथा वातावरणको जानकारी लिइ, तिनको उपयोग र संरक्षणमा सहभागी हुने छन् ।
- स्थानीय ऐतिहासिक तथा पुरातात्विक सम्पदासँग परिचित भइ तिनको संरक्षणमा सहभागी हुन गौरव गर्नेछन् ।
- प्रचलित स्थानीय सामाजिक र धार्मिक कृयाकलापमा सहभागी भई सहिष्णु भावनाको विकास गर्नेछन् ।
- स्थानीय स्तरमा उपलव्ध यातायात तथा संचार प्रविधिको समुचित प्रयोग गर्न सक्नेछन् ।
- पर्यावरण संरक्षण तथा विपद् व्यवस्थापनका ज्ञान तथा सीप आर्जन गर्न तथा प्रयोग गर्न सक्नेछन् ।
- व्यक्ति व्यक्तित्वको जीवनगाथाबाट प्रेरणा लिई आफ्नो व्यक्तित्व विकासमा लाग्नेछन् ।

**५. पाठ्यक्रम कार्यान्वयन योजना:**

पाठ्यक्रममा निर्धारित उद्देश्यहरु हासिल गर्न नगरपालिकाले विद्यालय शिक्षकहरुलाई आवश्यक तालिम सञ्चालन गर्नेछ । विषयक्षेत्रको प्रकृति हेरी पाठ्यपुस्तक एवं अन्य सहयोगी सामग्री क्रमश: विकास गर्दै लगिनेछ । यस पाठ्यक्रम पालिका भित्रका सम्पूर्ण विद्यालयहरुका कक्षा ४ देखि ८ सम्म  शैक्षिक सत्र २०७९ बाट लागू गरिनेछ । कार्यान्वयनको क्रममा नियमित अनुगमन गरी आवश्यकता अनुसार प्राविधिक सहयोग उपलव्ध गराइनेछ ।

६. आधारभु

त तहको पाठ्यक्रम ढाँचा:

(क) कक्षा १ देखि ३

| **क्र स.** | **विषय** | **पाठ्यघन्टा** | **वार्षिक कार्यघन्टा** |
|---|---|---|---|
| १ | भाषिक सीप विकास सम्वन्धि क्रियाकलाप (नेपाली) | ५ | १६० |
| २ | भाषिक सीप विकास सम्वन्धि क्रियाकलाप (English) | ४ | १२८ |
| ३ | गणितीय सीप विकास सम्वन्धि क्रियाकलाप | ४ | १२८ |
| ४ | विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षा, सम्वन्धि क्रियाकलाप | ४ | १२८ |
| ५ | सामाजिक अध्ययन, चारित्रिक विकास तथा सिर्जनात्मक कला सम्वन्धि क्रियाकलाप (सेरोफरो) | ४ | १२८ |
| ६ | मातृभाषिक सीप/स्थानीय विषयवस्तु सम्वन्धि क्रियाकलाप | ५ | १६० |
| | **जम्मा** | **२६** | **८३२** |
| | | | |

(ख) कक्षा ४ र ५

| **क्र स.** | **विषय** | **पाठ्यघन्टा** | **वार्षिक कार्यघन्टा** |
|---|---|---|---|
| १ | नेपाली | ५ | १६० |
| २ | English | ५ | १६० |
| ३ | गणित | ५ | १६० |
| ४ | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५ | समाजिक अध्ययन तथा मानव मुल्य शिक्षा | ५ | १६० |
| ६ | स्वास्थ, शारीरिक तथा सिर्जनात्मक कला | ३ | ९६ |
| ७ | मातृभाषा/स्थानीय विषय | ४ | १२८ |
| | **जम्मा** | **३२** | **१०२४** |

(ग) कक्षा ६ देखि ८

| **क्र स.** | **विषय** | **पाठ्यघन्टा** | **वार्षिक कार्यघन्टा** |
|---|---|---|---|
| १ | नेपाली | ५ | १६० |
| २ | English | ५ | १६० |
| ३ | गणित | ५ | १६० |
| ४ | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५ | समाजिक अध्ययन तथा मानव मुल्य शिक्षा | ५ | १६० |

| | | | |
|---|---|---|---|
| ६ | स्वास्थ तथा शारीरिक शिक्षा (सिर्जनात्मक कला) | ३ | ९६ |
| ७ | मातृभाषा/स्थानीय विषय/संस्कृत | ४ | १२८ |
| | जम्मा | ३२ | १०२४ |

**७.स्थानीय पाठ्यक्रमको विषयक्षेत्रगत अनुमानित पाठ्यभार वितरण:**

| **क्रसं** | **क्षेत्र** | **पाठ्यभार कक्षा ६–८** |
|---|---|---|
| १. | पालिका परिचय | १५ |
| २. | ऐतिहासिक तथा पुरातात्विक संपदा | १५ |
| ३. | धार्मिक सांस्कृतिक रितिरिवाज एवम् स्थानीय कला | १५ |
| ४. | कृषि, पशुपालन तथा जडीवुटी | १५ |
| ५. | पर्यटन र उद्योग | १५ |
| ६. | स्थानीय संघसंस्था र कार्यालय | १५ |
| ७. | सामाजिक मूल्यमान्यता र सामाजिक विकृती | १५ |
| ८. | वातावरण संरक्षण र विपद् व्यवस्थापन | १३ |
| ९. | ब्यक्ति पहिचान र ब्यक्तित्व विकास | १० |
| | **जम्मा** | **१२८** |

**८. कक्षागत सिकाइ उपलब्धि**

| क्र. सं. | विषय क्षेत्र | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|---|---|
| १. | नगरपालिका परिचय | १. जनसांख्यिकीय स्थिति, जाति, भाषा, पहिरन तथा चाडपर्वको सामान्य परिचय दिन,<br>२.नगरको क्षेत्रफल, भौगोलिक अवस्थाको परिचय दिन,<br>३. जनसंख्या तथा घरधुरी सम्वन्धि तथ्य बताउन, | १. नगर पालिका भित्रको प्राकृतिक सम्पदाको सूची वनाउन,<br>२. नगरका प्रमुख ब्यापारिक, धार्मिक तथा पर्यटकीय स्थलका नाम वताउन<br>३. पालिकाभित्ररहेका विभिन्न शैक्षिक तथा स्वास्थ्य स्ंस्थाहरुको सूची बनाउन। | १. पालिका भित्रको वडागत जनसंख्याको बनावट बारे बताउन।<br>२. नगर भित्रको सडक, बाटोघाटो, विद्युतिकरण, पिउने पानीको संक्षिप्त जानकारी दिन।<br>३. पालिका भित्रका सरकारी तथा गैर सरकारी संघसंस्थाहरुको सूची बनाउन। | १. पालिका भित्रको वडागत जनसंख्याको वितरणलाई तालिका, बृत्तचित्र, स्तम्भचित्रमा प्रस्तुत गर्न।<br>२. पालिकाभित्र निर्माणाधिन विकास निर्माणका आयोजनाबारे संक्षिप्त जानकारी दिन।<br>३. पालिकाभित्र संचालित सामाजिक संघसंस्थाहरुले प्रदान गर्ने सेवाहरुको सूची बनाउन।<br>४. नगरपालिकाको नक्सा वनाउन। | १. पालिकामा उपलव्ध जनशक्ति र बसाईसराईको अवस्था बताउन।<br>२. पालिकाभित्र अवस्थित ऐतिहासिक धरोहरबारे संक्षिप्त परिचय दिन।<br>३. पालिका भित्रका प्रमुख पर्यटकीय धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक स्थलहरुको बर्णन गर्न।<br>४. नगरपालिकाको नक्सा बनाइ दिइएको विवरण (व्यापरिक केन्द्र/पर्याटकीय क्षैत्र/धार्मिक स्थल/प्राकृतिक सम्पदा) आदि भर्न। |
| २. | ऐतिहासिक तथा पुरातात्विक सम्पदा | १. पालिकाभित्रका प्रमुख ऐतिहासिक स्थलहरुको सूची बनाउन। | १. पालिकाभित्रका प्रमुख ऐतिहासिक स्थलहरुको परिचय दिन। | १. पालिकाभित्रका प्रमुख ऐतिहासिक तथा पुरातात्विक सम्पदाहरुको परिचय दिन।<br>२ ऐतिहासिक तथा पुरातात्विक महत्वका स्थलहरुको चित्र/पोष्टर बनाई प्रदर्शन गर्न। | १. पालिकाभित्रका प्रमुख ऐतिहासिक स्थलहरुको सामाजिक र आर्थिक महत्व बताउन।<br>२. ऐतिहासिक महत्वका सभासमारोहहरुमा सहभागि हुन। | १. पालिकाभित्रका ऐतिहासिक तथा पुरातात्विक सम्पदा स्थलहरुको संरक्षण र संवर्धनमा टेवा पुर्याउन।<br>२. पालिकाभित्रका प्रमुख ऐतिहासिक स्थलहरु जनजीवनमा पार्ने सामाजिक, आर्थिकप्रभाव बताउन।<br>३. ऐतिहासिक कथा वस्तुसँग आधारित भई अभिनय गर्न। |
| ३. | धार्मिक सांस्कृतिक रीतिरिवाज एवम् स्थानीय कला | १. पालिका भित्रको प्रमुख धार्मिक स्थलहरुको संक्षिप्त परिचय दिन<br>२. विभिन्न चाडपर्वमा सहभागी भई आफ्नो अनुभव बताउन | १. विभिन्न धार्मिक स्थलहरुमा गरिने धार्मिक कृयाकलापको सूची बनाउन<br>२. आ-आफ्नो परम्परा अनुसार गरिने सामाजिक संस्कार(जन्म, न्वारन, पास्नी, चुडाकर्म, विवाह, मृत्यु) हरुको छोटो बर्णन गर्न। | १. आ-आफ्नो समुदाय अनुसारको धार्मिक, जातजाति अनुसारको भेषभूषाको पहिचान गर्न।<br>२. आफ्नो परम्परा अनुसार गरिने सामाजिक संस्कारमा सहभागी भई अनुभव आदान प्रदान गर्न। | १. स्थानीय लोकसंस्कृतिको परिचय दिन।<br>२. स्थानीय मेला महोत्सवमा सहभागी भई अनुभव आदान प्रदान गर्न। | १. सामाजिक सहिष्णुताको महत्व बताउन।<br>२. स्थानीय लोकगीत गाउन, लोकबाजाहरुको प्रयोग गर्न।<br>३. स्थानीय लोकसंस्कृति र भेषभूषाको संरक्षण र संवर्धनमा टेवा पुर्याउन। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४. | कृषि, पशुपालन तथा जडीवुटी | १. मौसम अनुसार गरिने फलफूल तथा तरकारीहरुको नाम बताउन<br>२. स्थानीय क्षेत्रमा व्यावसायका लागि पालिने पशुपंक्षीको नाम वताउन<br>३. हिउँदे तथा बर्षायाममा गरिने कृषि बालीहरुको परिचय दिन । | १. आफ्नो परिवारले गर्ने कृषि कर्ममा सहभागी हुन ।<br>२. पशुपंक्षीबाट प्राप्त हुने खानेकुराको सूची बनाउन ।<br>३. मौसम अनुसार खेतीबाली लगाउँदा ध्यान दिनुपर्ने कुराहरु बताउन । | १. वेमौसमी खेतीको व्यावसायिक महत्व बताउन ।<br>२. पशुपंक्षी पालनमा सहभागी भई परिवारका सदस्यहरुलाई सघाउन ।<br>३. घर परिवारका सदस्यहरुले गर्ने कृषि कर्ममा सहभागी भई परिवारका सदस्यहरुलाई सघाउन ।<br>४. स्थानीय स्तरमा प्राप्त हुने जडीबुटीहरुको सूची बनाउन । | १. कृषि तथा पशुपालनको परियोजना कार्य गरी प्रदर्शन गर्न ।<br>२. स्थानीय स्तरमा खेती गरिने नगदे बाली र खाद्यान्न बाली हरुको सूची बनाउन ।<br>३. प्रायोगमा आएका परम्परागत र आधुनिक कृषि औजारहरुको चिनारी तथा प्रयोग ।<br>४. स्थानीय स्तरमा प्राप्त हुने जडीबुटी र यसको फाइदा बताउन । | १. कृषि तथा पशुपालनको परियोजना कार्य गरी प्रदर्शन गर्न ।<br>२. व्यावसायिक कृषिको लागि बजार व्यवस्थापनको आवश्यकता बताउन ।<br>३. कृषकहरुको कृषि कर्ममा सहयोय गर्ने संघ संस्थाहरुले दिने सेवाहरुको सूची बनाउन ।<br>४. स्थानीयस्तरमा प्राप्त हुने जडीबुटीहरुको महत्व र प्रयोग बताउन ।<br>५. पालिका स्थिति आयर्वेदिक औषधालयबाट प्राप्त हुने सेवाहरु बताउन । |
| ५. | पर्यटन र उद्योग | १. स्थानीय क्षेत्रका पर्यटकीय स्थलको सूची बनाउन ।<br>२.आफूले भ्रमण गरेको स्थलको बर्णन गर्न । | १. स्थानीय स्तरमा रहेका धार्मिक तथा पर्यटकीय स्थलहरुको छोटो परिचय दिन ।<br>२. पर्यटकीय व्यापारका लागि स्थानीय उत्पादनहरुको सूची बनाउन । | १. स्थानिय स्तरका घरवास (Home stay) को जानकारी दिन ।<br>२. पर्यटनका प्रवर्धनका लागि आवश्यक पूर्वाधारहरुको सूची बनाउन ।<br>३. स्थानीय परम्परागत सीप प्रयोग गरी स्थानीय स्तरमा खोलिएका घरेलु उद्योगहरुको सूची बनाउन । | १. पर्यटन व्यावसायको परिचय र महत्व बताउन ।<br>२. आन्तरिक र बाह्य पर्यटनको अवधारणा बताउन ।<br>३. स्थानीय उद्योगहरुको पहिचान गरी यसले पुर्याउने योगदान बताउन । | १. पर्यटन व्यावसायका किसिमहरु बताउन ।<br>२. पर्यटन व्यावसायले समाजमा पार्ने सकारात्मक र नकरात्मक प्रभावहरु बताउन ।<br>३. पर्यटन प्रवर्धनमा स्थानीय सरकारको भूमिका बर्णन गर्न ।<br>४. उद्योग स्थापनाको लागि आवश्यक पूर्वाधारहरुको सूची तयार गर्न । |
| ६. | स्थानीय संघसंस्था र कार्यालय | १. आफ्नो वडामा रहेका आमा समूह र बालक्लवको नाम वताउन ।<br>२. आफू अध्ययनरत विद्यालयको संक्षिप्त परिचय दिन । | १. आफ्नो वडामा रहेका आमा समूह र बाल क्लवले गरेका सामाजिक विकासका कार्यहरु बताउन ।<br>२. आफ्नो टोल सुधार/वचत समूहले गर्न सक्ने कार्यहरुको सूची बनाउन । | ३. आमा समूह बालक्लव लगायतका सामाजिक संस्थाले गर्न सक्ने सामाजिक विकासका कार्यहरु बर्णन गर्न ।<br>२. आफ्नो वडाको स्वास्थ्य संस्थाको अध्ययन भ्रमण गरी यसले दिने सेवाको सूची तयार गर्न ।<br>३. पालिका भित्रका शैक्षिक संस्थाहरुको सामान्य जानकारी दिन । | १. सेवा प्रदायक सरकारी तथा गैर सरकारी संघ संस्थाहरुको सूची तयार गर्न<br>२. आफ्नो वडा कार्यालयबाट प्रवाह हुने सेवा सुविधाको सूची तयार गर्न<br>३. पालिका भित्रका वित्तिय संस्थाहरुको संक्षिप्त परिचय दिन । | १. पालिका भित्रका सेवा प्रदायक कार्यालयहरुको मुख्य मुख्य कार्य बताउन ।<br>२. आफ्नो पालिकाले प्रवाह हुने प्रमुख सेवाहरुको सूची तयार गर्न ।<br>३. पालिका भित्रका वित्तिय संस्थाहरुले दिने सेवा तथा कार्यहरु बताउन । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७. | सामाजिक मूल्यमान्यता र सामाजिक विकृति | १. आफू भन्दा सानालाई माया र ठूलालाई आदर सम्मान गर्ने बानीको विकास गर्न । | १. आफ्नो समुदायमा असल आचरण पहिचान गरी अवलम्वन गर्न । | १. धार्मिक र सामाजिक सहिष्णुतापूर्ण व्यवहार प्रदर्शन गर्न ।<br>२. आफ्नो समुदायमा प्रचलित अन्धविश्वासहरुको पहिचान गरी यसको असर/प्रभावलाई कम गर्न सहयोग गर्न । | १. आवश्यकता अनुसार आपसी सहयोग आदान प्रदान गर्ने वानीको विकास गर्न ।<br>२. परम्परादेखि चलि आएका असल सामाजिक अभ्यासलाई निरन्तरता दिन<br>३. सामाजिक विकृतिहरु पहिचान गरी उक्त विकृतिहरु न्यूनीकरण गर्नका लागि भूमिका खेल्न । | १. द्वन्द्व व्यवस्थपनका सीपहरु प्रयोग गरी सामाजिक सद्भाव कायम गर्न सहयोग गर्न ।<br>२. सामाजिक सद्भाव कायम राख्नको लागि नेतृत्व विकास गर्न ।<br>३. सामाजिक विकृतिहरु पहिचान गरी उक्त विकृतिहरु न्यूनीकरण गर्नका लागि भूमिका खेल्न । |
| ८. | वातावरण संरक्षण र विपद् व्यवस्थापन | १. स्थानीय स्तरमा आइपर्ने प्राकृतिक प्रकोपहरुको सूची बनाउन ।<br>२. प्रकोप सिर्जना हुनुको कारणहरु बताउन । | १. प्राकृतिक प्रकोपहरुको सामान्य परिचय दिन ।<br>२. वातावरण संरक्षणको लागि अवलम्वन गर्न सकिने उपायहरुको सूची बनाउन । | १. प्रकोपको वर्गीकरण गरी उदाहरण बताउन ।<br>२. भूकम्प, बाढीपहिरो र आगलागीबाट बच्ने उपायहरुको सूची बनाउन ।<br>३. घर तथा विद्यालयमा फोहोरमैलाको समुचित व्यवस्थापन गर्न । | १. प्राकृतिक र मानव सिर्जित प्रकोपहरुको कारण बताउन ।<br>२. प्राकृतिक सम्पदाको समुचित सदुपयोग गर्न ।<br>३. विद्यालय हातामा हरियाली वगैंचा निर्माणमा सरिक हुन । | १. प्राकृतिक र मानव सिर्जित प्रकोपहरुको कारण, असर र न्यूनीकरणका उपायहरु बताउन ।<br>२. वातावरण संरक्षणमा बनजंगल र बन्यजन्तुको महत्व ।<br>३. पालिका भित्रका संभावित प्रकोपका स्थल (Disaster prone zone) हरुको पहिचान ।<br>४. समुदायका नीजि तथा सार्वजनिक स्थलहरुमा फोहोरमैलाको समुचित व्यवस्थापन गर्न । |
| ९. | ब्यक्ति पहिचान तथा ब्यक्तित्व विकास | १.आफ्नो विद्यालयमा विषेश योगदान पुर्याउने ब्यक्तिको परिचय दिन । | १. शिक्षा क्षेत्रमा विषेश योगदन दिने ब्यक्तिको परिचय दिन | १.पालिका भित्रको तथा सामाजिक सेवामा क्षेत्रमा स्थापित ब्यक्तिको परिचय दिन,<br>२. स्थापित ब्यक्तिको असल गुण अनुसरण गर्न । | १. साहित्य कला भाषा तथा संस्कृतिक क्षेत्रमा योगदान पुर्याएका ब्यक्तिको परिचय र योगदान वारे बताउन,<br>२. स्थापित ब्यक्तिको असल गुण अनुसरण गर्न । | १. समाज निर्माणमा समर्पित वा खेलकुद क्षेत्रमा स्थापित ब्यक्तिको चिनारी प्रस्तुत गर्न,<br>२. असल ब्यक्तिका अनुकरणीय गुण पहिचान गरी अनुसरण गर्न । |

### ९. कक्षागत विषयवस्तुको क्षेत्र र क्रम

| क्र. सं. | विषय क्षेत्र | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|---|---|
| १. | नगरपालिका परिचय | महिला, पुरुष,घरधुरी जाति, भाषा, पहिरन तथा पर्व क्षेत्रफल, जमिनको बनावट | रानीबन/कुहिरे भीर, बनजंगल, दरौंदी, सिर्दी खोला, अँवुवा बजार, लक्ष्मीवजार, कोखेवजार, श्यामवजार, कालिका मन्दिर, भिमसेन पार्क, रामशाहको चौतारो, गोरखा क्याम्पस, द्रव्य शाह क्याम्पस, गोरखा हस्पिटल, वडाका स्वास्थ्य चौकी/केन्द्र, विद्यालयहरु | जनसंख्या विवरण, प्रमुख सडक, खाने पानी तथा विध्दुत वितरणको अवस्था, सेवा प्रदायक सरकारी तथा गैह्रसरकारी संघसंस्थाको सुची, पालिकाले सन्चालन गरेका गौरवका विकास योजनाको सूची | जनसंख्या विवरण, दीर्घकालिन तथा अल्पकालिन भौतिक संरचनाहरुको निर्माण, महत्वाकांक्षी आयोजनहरु, देनिक प्रशासनिक सेवा, सेवामुखी कार्यालयहरु, विद्यालय, क्याम्पस, अस्पताल, स्वास्थ्य केन्द्र, NGO, INGO, आदिवाट प्राप्त सेवाहरु, सरकारी प्रशासनिक कार्यालयहरुवाट हुने सेवा । पालिकाले सन्चालन गरेका गौरवका विकास योजनाको परिचय | पालिका स्तरमा रहेका मानव संसाधन र तिनको उपयोग, पालिका भित्रको वसाइसराईको अवस्था, पृथ्वीनारायण शाहको दरवार, रामशाहको चौतारो, रानीपोखरी, रामशाहघाट, बाबा गोरखनाथ, वुद्धिवल राना, विसे नगर्ची, बुद राना आदिको संक्षिप्त परिचय, विरिमकाली, पश्चिमकाली, विन्ध्यवासिनी, ताप्लेकोट, बुडीकोट, वागभैरव, सीतापाइला, मस्जिद, गुम्वा यी र यस्तै अन्य स्थलहरुको वर्णन गर्न, पालिकाले सञ्चालन गरेका गौरवका विकास योजनाले प्रदान गर्ने सेवा |
| २. | ऐतिहासिक तथा पुरातात्विक सम्पदा | गोरखा दरवार, तल्लो दरवार, अकला मन्दिर, कालिका मन्दिर, रामशाहको चौतारो, गोरखनाथ गुफा लगायत अन्य वडामा रहेका ऐतिहासिक स्थल | कालिका दरवार, पिपलथोक, ठूलो आँगन, रामशाहको चौतारी, रानीपोखरी लगायत अन्य वडामा रहेका ऐतिहासिक स्थलहरु | १ पालिकाभित्रका प्रमुख ऐतिहासिक तथा पुरातात्विक सम्पदाहरुको परिचय दिन । २ ऐतिहासिक तथा पुरातात्विक महत्वका स्थलहरुको चित्र/पोष्टर बनाई प्रदर्शन गर्न । | गोरखा दरवार, गोरखा संग्रहालय, भीमसेन पार्क, पश्चिमकाली, कुहिरे भीरको भ्यू टावर, रामशाह घाट लगायत सामाजिक तथा आर्थिक महत्व । | ऐतिहासिक तथा पुरातात्विक सम्पदा स्थलहरुको संरक्षण र संवर्ध्दनमा टेवा पुर्याउन गरिने कार्य, सामाजिक सद्भावको विकास, रहनसहनको आदान प्रदान, आयआर्जनमा टेवा, व्यापार व्यावसायमा वृद्धि,जीविकोपार्जनमा सहयोग । |
| ३. | धार्मिक सांस्कृतिक रीतिरिवाज एवम् स्थानीय कला | कालिका मन्दिर, अकला मन्दिर, गोरखनाथ गुफा, पश्चिमकाली,कुमाल लगायत विभिन्न जनजातिले मनाउने चाडपर्वहरुको नाम | विभिन्न धार्मिक स्थलमा गरिने पूजा विधि, भाकल, चैत्र अष्टमीको जात्रा, हाइदोस, सामाजिक संस्कार बारे अनुभव आदान प्रदान | नगरभित्र वसोवास गर्ने विभिन्न जातजाति गुरुङ, मगर, नेवार, मियाँ, कुमाल लगायत आदिको भेषभूषाको पहिचान,, | गाईजात्रा, रोपाईजात्रा, घाटु, चुड्का, बालन, भजन, लाखे नाच, पाङ्दुरे, सोरठी आदिको परिचय, खैंजडी, मादल, बासुरी, दमाहा, ढलकी, ट्याम्को सारङ्गी, आदिको परिचय दिई निर्माण समेत गर्न । | सामाजिक मेलमिलाप, आस्थाको कदर, मिलेर बस्ने वानीको विकास, अर्काको अस्तित्व स्वीकार, घाटु, चुड्का, बालुन, भजन, लाखे नाच, पाङ्दुरे, सोरठी आदिको संरक्षण र संवर्धनमा सहयोग |
| ४. | कृषि, पशुपालन तथा जडीवुटी | सुन्तला खेती, केरा खेती, मेवा खेती, काउली, बन्दा, | फलफूल तथा कृषि कार्य गर्ने विधि, वीउ भण्डारण/उपयुक्त वीउको | व्यावसाय र आयआर्जन, स्थानीय स्तरमा प्राप्त हुने विभिन्न जडीवुटीहरु जस्तै | आलु/पिंडालु, प्याँजको नर्सरी, माछा, मौरी, कुखुरा, बंगुर पालन, धान,मकै, गहुँ, कोदो | कृषिलाई आधुनिकिकरण गरी वजारको व्यवस्थाको वृद्धि, बाँझो जगाको आवादी, कृषि ज्ञानकेन्द्रद्वारा प्रदायक सेवाहरु, |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | आलु, घिरौंला, गाई भैंसी, कुखुरा, हाँस आदि पालन, गहुँ, तोरी, धान, मकै, फापर आदि । | छनोट, गाई भैंसी, कुखुरा, हाँस, वाख्रा, खरायो, आदिबाट प्राप्त हुने खाद्यपदार्थ हिउँदे बाली तथा बर्षे वाली लगाउने तरिका सिंचाई, माटोको तयारी, मलको प्रयोग | गुर्जो, असुरो, कुरिलो, नीमपत्ता, तितेपाती, आकाशवेली लगायत अन्य यस्तै प्रकृतिका जडीवुटीहरु । | जस्ता खाद्यान्न वालीको खेती, हलो कोदालो, कुटो, हसिया, खुर्पा, दाँदे जस्ता परम्परागत र आधुनिक जोत्ने ट्रयाक्टर, थ्रेसर, स्प्रेयर, आदि, गुर्जो, चिराइतो, तितेपाती, निमपत्ता, तुलसी, पुदिना, असुरो, रानीसिन्का, वेलाउतीको प्रयोग | कृषिसँग सम्वन्धित समूहहरु, वैंक तथा वित्तीय संस्थाहरु, पालिका स्थित कृषि शाखा, गुर्जो, चिराइतो, तितेपाती, निमपत्ता, तुलसी, पुदिना, असुरो, रानीसिन्का, वेलाउती आदि औषधीको प्रयोग, आयुर्वेद कार्यालयको परिचय र यसले दिने सेवाहरु |
| ५. | पर्यटन र उद्योग | माथिल्लो दरवार, तल्लो दरवार गोरखनाथ गुफा ईट्टा उद्योग, गोरखकाली टायर उद्योग, विद्यालय वरपरका मठ मन्दिर | स्थानीय स्तरका उद्योगहरु, कालिका मन्दिर, गोरखनाथको गुफा, रानीपोखरी, रामशाहको चौतारो, रामशाह घाट आदिको संक्षिप्त परिचय, ढाकाका कपडाहरु,गुरुङ, मगर भेषभूषाका कपडाहरु (घलेक, कछाड) | विरेञ्चोक, सतीपीपल स्वाँरा, पश्चिमकाली होमस्टे आदिको जानकारी दिन, बाटोघाटो, बत्ती पानी, शहरीकरण, व्यवस्थित वसाईं, आरन, ढाकाका पहिरन निर्माण, सेरामिक्स उद्योग, | पर्यटन व्यावसायका सामाजिक तथा आर्थिक महत्व, पालिका/जिल्ला/प्रदेश/देश भित्र र बाहिर हुने पर्यटनको अवधारणा, आरन, ढाकाका पहिरन निर्माण, सेरामिक्स उद्योग, जस्ता साना तथा घरेलु उद्योग र कुन्दुर ईट्टा उद्योग, गोरखकाली रवर उद्योग र यसले अर्थतन्त्रमा पुऱ्याउने योगदान । | आन्तरिक र बाह्य पर्यटन, सामाजिक मेलमिलाप, संक्कृति, भेषभूषा, चालचलनको, आयआर्जनमा, रोजगारीको अवसर, पालिका भित्रका पर्यटकीय क्षेत्रहरुको पहिचान र उचित व्यवस्थापन, प्रवर्धन र विकासको लागि गरिने कामहरु, रुग्ण तथा वन्द उद्योगहरु संचालनको लागि नीति तथा कानुन, लगानीको समुचित व्यवस्था, उद्योगको स्थानीकरण, कच्चा पदार्थको व्यवस्था, वजारीकरण, मानव संसाधनको उचित प्रयोग |
| ६. | स्थानीय संघसंस्था र कार्यालय | स्थानीय स्तरका आमा समूहहरु, बाल क्लवहरु, आफ्नो विद्यालयको नाम र परिचय, | मठमन्दिर, चौतारो, पाटीपौवा, प्रतिक्षालय गाउँ/धारा सरसफाई, पूँजी संकलन तथा ऋण प्रवाहका लागि सहकारी, विद्यालय, स्वास्थ्य संस्था । | नागरिक सुरक्षा, सरसफाई, पूँजी संकलन तथा ऋण प्रवाह गर्ने कार्यालय अस्पताल, गोरखा क्याम्पस , द्रव्यशाह क्याम्पस, प्राविधिक शिक्षालय, सामुदायिक तथा संस्थागत विद्यालयहरु । | वडा कार्यालय लगायत पालिका भित्रका सम्पूर्ण प्रशासनिक लगायत सेवाप्रदायक कार्यालय अस्पताल, शिक्षालय, रेडक्रस, NGO, INGO, CBO’S, पालिका भित्रका वैंकहरु, लघुवित्त, सहकारी, वचत तथा ऋण समूह | शिक्षालय, नागरिक सुरक्षा, स्वास्थ्य सेवा प्रदायक संस्थाहरु, प्रशासनिक कार्यालयहरु, NGO, INGO, CBO’s आदिवाट प्रवाह हुने मुख्य मुख्य कार्यहरु, पालिकाभित्र रहेका विभिन्न शाखा उपशाखावाट प्राप्त सेवाहरु, ऋण अनुदान, सल्लाह/परामर्श/विज्ञ सेवा जस्ता कार्यहरु,मानवसेवा आश्रम, अनाथालय, विशेष शिक्षाको परिचय र यसले प्रदान गर्ने सेवा । |
| ७. | सामाजिक मूल्यमान्यता र सामाजिक विकृति | आफू भन्दा सानालाई माया, आदरार्थी शिष्ट भाषाको प्रयोग, सान्दर्भिक कथा, किंवदन्ति, नाता | प्रचलित सामाजिक रीतिरिवाज आपसी सहयोग भारा पर्म पैचो सदभाव शिष्टाचार पालो पर्खने | अतिथि देवो भव: सार्वजनिक स्थलहरुको संरक्षण र संवर्धन, सहयोग दान, असहायलाई सहयोग, प्रकृतिको संरक्षण | अतिथि देवो भव: भावनाको विकास, आफू भन्दा ठूला तथा गुरुहरुको आदर सम्मान गर्ने संस्कार, सार्वजनिक स्थलहरुको संरक्षण र संवर्धन, | द्वन्द्व पहिचान, द्वन्द्व उत्पतिको कारण, संलग्न व्यक्ति, जाति, समुदाय आदिको निर्क्यौल, द्वन्द्वरत पक्षहरुवीच वार्ता, कुराकानी, छलफल, संवन्धित निकायमा संप्रेषण मेलमिलापको लागि |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | अनुसारको सम्वोधन, | | र सम्मान, पाहुनालाई सम्मान गर्ने संस्कार, छुवाछुत, जातिय विभेद, भुतप्रेत, बोक्सी, चलनमा रहेका अन्धविश्वास कम गर्ने भूमिका खेल्न । | सहयोग दान, असहायलाई सहयोग, प्रकृतिको संरक्षण र सम्मान, छुवाछुत, जातिय विभेद, चलनचल्तीमा रहेका अन्धविश्वास कम गर्ने भूमिका खेल्न । | मध्यस्तकर्ताको भूमिका, सामाजिक सहिष्णुता बढाउने, कायम गर्ने, पिडक र पिडितको पहिचान, पिडकलाई सजाय र पिडितलाई न्याय, विद्यमान सामाजिक विकृतिहरुको पहिचान विकृतिहरुको न्यूनीकरणका असल अभ्यास गर्ने गराउने |
| ८. | वातावरण संरक्षण र विपद् व्यवस्थापन | बाढी पहिरो, भूकम्प, आगलागी, अतिबृष्टि, प्राकृतिक साधन स्रोतको दोहन, असावधानी | बाढी पहिरो, भूकम्प, आगलागी, अतिबृष्टिको सक्षिप्त विवरण वृक्षारोपण सम्पदाको समरक्षण फोहर ब्यवस्थापन | प्राकृतिक र मानव निर्मित प्रकोप, नदी वा खोलामा तटबन्धको व्यवस्था, आगो चलाउँदा सावधानी अपनाउने, बन जंगलमा अग्निरेखा निर्माण, कुहिने र नकुहिने फोहोरमैलाको पहिचानसहित व्यवस्थापन । | बाढी पहिरो, आगोलागी, हावाहुरी, नदी कटान, महामारी, सरुवा रोगहरु आदिको कारण, बनजंगल, नदी/खोला, ढुङ्गा खानी, पोखरी/तालतलैयाको समुचित प्रयोग र व्यवस्थापन । | बाढी पहिरो, आगोलागी, हावाहुरी, नदी कटान, महामारी, सरुवा रोगको कारण, प्राकृतिक र मानव सिर्जित प्रकोपहरुको असर र न्युनीकरणको उपायहरु, ecosystem , वन पैदावर, वन्यजन्तुहरुको वासस्थान, निकुञ्ज, आरक्षण, संरक्षण क्षेत्रको निर्माण, दुर्लभ/लोपोन्मुख बन्यजन्तुको संरक्षण, दरौंदी/मर्स्याङदी नदी तथा सिर्दी खोला/लुँदी खोलाको कटान, कुहिरे भीर, ताप्ले, सलाङ्गिरीको पहिरो, सडक दुर्घटना, रानीवन, घलाङ, लुदी दामगाडेको वन डँढेलो, नीजि तथा सार्वजनिक स्थलका फोहोर व्यवस्थापनमा सहयोग । |
| ९. | ब्यक्ति पहिचान तथा ब्यक्तित्व विकास | आफू पढ्ने विद्यालयका शिक्षक तथा शिक्षा प्रेमि ब्यक्तिको जीवनी तथा योगदान । | पालिका भित्रको विद्यालय शिक्षामा योगदान दिने शिक्षा प्रेमि ब्यक्तिको जीवनी तथा योगदान । | पालिका भित्रको सामाजको विविध क्षेत्रमा योगदान दिने ब्यक्तिको जीवनी तथा योगदान । | साहित्यिक भाषिक खेलकुद तथा कला क्षेत्रमा योगदान ख्याति कमाएका ब्यक्तिको जीवनी तथा योगदान । | सामाजिक राजनीतिक तथा विकास निर्माणमा योगदान दिने ब्यक्तिको जीवनी तथा योगदान । |

**१०. कक्षागत विषय विस्तृतीकरण**

**कक्षा ४:**

| क्र. सं. | विषय क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाई सहजीकरण क्रियाकलाप | सिकाइ सामग्री | सिकाइ मूल्याङ्कन | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| १. | पालिका परिचय | १. जनसांख्यिकीय स्थितिकोसामन्य परिचय दिन,<br>२. नगरकोक्षेत्रफल, भौगोलिक अवस्थाको परिचय दिन,<br>३. जनसंख्या तथा सम्वन्धित तथ्य वताउन। | महिला, पुरुष,घरधुरी जाति, भाषा, पहिरन तथा चाडपर्व क्षेत्रफल, जमिनको बनावट। | प्रश्नोत्तर,<br>छलफल,<br>नक्सा प्रदर्शन<br>नक्शा ट्रेसिङ | नगरको नक्सा, गोरखा चिनाउने तस्बीरहरू | प्रश्नोत्तर,<br>नक्सा पहिचान | १५ |
| २. | ऐतिहासिक तथा पुरातात्विक संपदा | १. पालिकाभित्रका प्रमुख ऐतिहासिक स्थलहरुको सूची बनाउन। | गोरखा दरवार, तल्लो दरवार, अकला मन्दिर,कालिका मन्दिर, रामशाहको चौतारो, गोरखनाथ गुफा,,, | प्रश्नोत्तर,<br>छलफल,<br>अवलोकन,<br>चित्र प्रदर्शन,<br>परियोजना कार्य | चित्र,<br>वास्तविक वस्तु,<br>श्रव्यदृश्य सामग्री | प्रश्नोत्तर,<br>परियोजना कार्य,<br>कक्षा कार्य, | १५ |
| ३. | धार्मिक, सांस्कृतिक रीतिरिवाज एवम् स्थानीय कला | १. पालिका भित्रको प्रमुख धार्मिक स्थलहरुको संक्षिप्त परिचय दिन<br>२. विभिन्न चाडपर्वमा सहभागी भई आफ्नो अनुभव बताउन | कालिका मन्दिर, अकला मन्दिर, गोरखनाथ गुफा, पश्चिमकाली,कुमाल,मगर, मुस्लिम लगायत विभिन्न जनजातिले मनाउने चाडपर्वहरुको नाम | छलफल,<br>प्रश्नोत्तर,<br>परियोजना कार्य,<br>चित्र प्रदर्शन,<br>समूहकार्य | धार्मिक गुम्वा, मस्जिद मठमन्दिरहरुको चित्र, भकारी, मान्द्रो, मदानी, माटोको भाँडाहरुको चित्र, श्रव्यदृश्य सामग्रीहरु | लिखित मौखिक प्रश्नोत्तर, गृहकार्य, कक्षाकार्य<br>समूहकार्य<br>परियोजना कार्य | १५ |
| ४. | कृषि पशुपालन तथा जडीवुटी | १. मौसम अनुसार गरिने फलफूल तथा तरकारीहरुको नाम बताउन<br>२. स्थानीय क्षेत्रमा व्यावसायका लागि पालने पशुपंक्षीको नाम वताउन<br>३. हिउँदे तथा बर्षायाममा गरिने कृषि बालीहरुको परिचय दिन। | सुन्तला खेती, केरा खेती, मेवा खेती, काउली, बन्दा, आलु, घिरौंला, गाई भैंसी, कुखुरा, हाँस आदि पालन, गहुँ, तोरी, धान, मकै, फापर आदि | प्रश्नोत्तर,<br>परियोजनाकार्य,<br>चित्रप्रदर्शन,<br>समूहकार्य, | घरपालुवाजनावर र पंक्षीका चित्रहरु<br>वास्तविक वस्तु | प्रश्नोत्तर,<br>कक्षाकार्य,<br>परियोजना कार्य | १५ |
| ५. | पर्यटन र उद्योग | १. स्थानीय क्षेत्रका पर्यटकीय स्थलको सूची बनाउन।<br>२. आफूले भ्रमण गरेको स्थलको बर्णन गर्न। | माथिल्लो दरवार, तल्लो दरवार गोरखनाथ गुफा ईट्टा उद्योग, गोरखकाली टायर उद्योग,विद्यालय वरपरका मठ मन्दिर | प्रश्नोत्तर,<br>परियोजना कार्य,<br>चित्र प्रदर्शन,<br>समूहकार्य, | तस्बीर,<br>श्रव्य दृश्य सामग्री | प्रश्नोत्तर,<br>व्यवहार अवलोकन,<br>कक्षाकार्य | १५ |
| ६. | स्थानीय संघसंस्था | १. आफ्नो वडामा रहेका स्थानीय | स्थानीय आमा समूहहरु, बाल | छलफल, | चित्र,पोस्टर, | प्रश्नोत्तर, | १५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | र कार्यालय | समूह र बालक्लवको नाम वताउन। २. आफू अध्ययनरत विद्यालयको संक्षिप्त परिचय दिन। | क्लवहरु, आफ्नो विद्यालयको नाम र परिचय, | प्रश्नोत्तर, प्रवचन, चित्र प्रदर्शन, समूहकार्य, सहभागिता | पत्रपत्रिकाका कटिङ्हरु, श्रव्य दृश्य सामग्री | व्यवहार अवलोकन, कक्षा कार्य | |
| ७. | सामाजिक मूल्य मान्यता र सामाजिक विकृति | १. आफू भन्दा सानालाई माया र ठूलालाई आदर सम्मान गर्ने बानीको विकास गर्न | आफू भन्दा सानालाई माया, आदरार्थी शिष्ट भाषाको प्रयोग, सान्दर्भिक कथा, किंवदन्ति, नाता अनुसारको सम्वोधन, | छलफल, प्रश्नोत्तर, प्रवचन, चित्र प्रदर्शन, समूहकार्य, परियोजना कार्य भूमिका निर्वाह | चित्र,पोस्टर, पत्रपत्रिकाका कटिङ्हरु, श्रव्य दृश्य सामग्री व्रोसरहरु | प्रश्नोत्तर, व्यवहार अवलोकन, कक्षा कार्य | १५ |
| ८. | वातावरण संरक्षण र विपद् व्यवस्थापन | १. स्थानीय स्तरमा आइपर्ने प्राकृतिक प्रकोपहरुको सूची बनाउन । २. प्रकोप सिर्जना हुनुको कारणहरु बताउन | बाढी पहिरो, भूकम्प, आगलागी, अतिबृष्टि, प्राकृतिक साधन स्रोतको दोहन, असावधानी | छलफल, प्रश्नोत्तर, प्रवचन, चित्र प्रदर्शन, समूहकार्य, परियोजना कार्य | चित्र,पोस्टर, पत्रपत्रिकाका कटिङ्हरु, श्रव्य दृश्य सामग्री पर्चा पम्पलेट | प्रश्नोत्तर, व्यवहार अवलोकन, कक्षाकार्य | १३ |
| ९. | ब्यक्ति पहिचान तथा ब्यक्तित्व विकास | आफ्नो विद्यालयमा विषेश योगदान पुर्याउने ब्यक्तिको परिचय दिन | वर्तमान तथा भुतपूर्व शिक्षक तथा शिक्षाप्रेमिको परिचय र उनीहरुले गरेको योगदान | खोजविधि परियोजना कार्य प्रश्नोत्तर | जीवनी लेखिएको फोटो, चित्र, सामग्री, तस्वीर | परियोजना कार्य प्रस्तुति अवलोकन प्रश्नोत्तर | १० |

**कक्षा ५**

| क्र. सं. | विषय क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाई सहजीकरण क्रियाकलाप | सिकाइ सामग्री | सिकाइ मूल्याङ्कन | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| १. | पालिका परिचय | १. नगर पालिका भित्रको प्राकृतिक सम्पदाको सूची वनाउन, २. नगरका प्रमुख ब्यापारिक, धार्मिक तथा पर्यटकीय स्थलका छोटो चिनारी दिन ३. पालिकाभित्ररहेका विभिन्न शैक्षिक तथा स्वास्थ्य संस्थाहरुको सूची बनाउन। | रानीबन/कुहिरे भीर, बनजंगल, दरौंदी नदी, सिर्दी खोला, अँवुवा बजार, लक्ष्मीवजार, कोखेवजार, श्यामवजार, कालिका मन्दिर,भिमसेन पार्क, रामशाहको चौतारो, गोरखा क्याम्पस, द्रव्य शाह क्याम्पस, गोरखा हस्पिटल, वडाका स्वास्थ्य चौकी/केन्द्र, विद्यालयहरु | नक्सा प्रदर्शन, प्रश्नोत्तर, समूहकार्य, छलफल, परियोजना कार्य, कक्षाकार्य | वडाको विभिन्न स्थानहरूको फोटोहरू, नक्शा, चित्र | प्रश्नोत्तर, कक्षाकार्य, व्यवहार अवलोकन | १५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २. | ऐतिहासिक तथा पुरातात्विक संपदा | १. पालिकाभित्रका प्रमुख ऐतिहासिक स्थलहरुको परिचय दिन। | कालिका दरवार, पिपलथोक, ठूलो आँगन, रामशाहको चौतारी, रानीपोखरी लगायत अन्य | प्रश्नोत्तर,<br>समूहकार्य,<br>छलफल,<br>परियोजना कार्य,<br>कक्षाकार्य | चित्र,<br>अध्ययन भ्रमण,<br>चित्र, कथा | प्रश्नोत्तर,<br>कक्षाकार्य,<br>गृहकार्य | १५ |
| ३. | धार्मिक,<br>सांस्कृतिक रीतिरिवाज एवम् स्थानीय कला | १. विभिन्न धार्मिक स्थलहरुमा गरिने धार्मिक कृयाकलापहरुको सूची बनाउन<br>२. आ-आफ्नो परम्परा अनुसार गरिने सामाजिक संस्कार चुडाकर्म (जन्म, न्वारन, पास्नी, विवाह, मृत्यु) हरुको छोटो बर्णन गर्न। | विभिन्न धार्मिक स्थलमा गरिने पूजा विधि, भाकल, चैत्र अष्टमीको जात्रा, हाइदोस, सामाजिक संस्कार बारे अनुभव आदान प्रदान | प्रश्नोत्तर,<br>समूहकार्य,<br>छलफल,<br>परियोजना कार्य,<br>कक्षाकार्य, कथाकथन | चित्र,पोस्टर,<br>पत्रपत्रिकाका कटिङ्हरु,<br>श्रव्य दृश्य सामग्री,<br>वास्तविक वस्तु | प्रश्नोत्तर,<br>कक्षाकार्य,<br>व्यवहार अवलोकन | १५ |
| ४. | कृषि पशुपालन तथा जडीवुटी | १. आफ्नो परिवारले गर्ने कृषि कर्ममा सहभागी हुन।<br>२. पशुपंक्षीबाट प्राप्त हुने खानेकुराको सूची बनाउन।<br>३. मौसम अनुसार खेतीबाली लगाउँदा ध्यान दिनुपर्ने कुराहरु बताउन। | फलफूल तथा कृषि कार्य गर्ने विधि, वीउ भण्डारण/उपयुक्त वीउको छनोट, गाई भैंसी, कुखुरा, हाँस, वाख्रा, खरायो, आदिबाट प्राप्त हुने खाद्यपदार्थ हिउँदे बाली तथा बर्षे वाली लगाउने तरिका सिंचाई, माटोको तयारी, मलको प्रयोग | प्रश्नोत्तर,<br>समूहकार्य,<br>छलफल,<br>परियोजना कार्य,<br>कक्षाकार्य | विभिन्न प्रकारका पन्छीका नामसहितका चित्रहरू | प्रश्नोत्तर,<br>कक्षाकार्य,<br>व्यवहार अवलोकन | १५ |
| ५. | पर्यटन र उद्योग | १. स्थानीय स्तरमा रहेका धार्मिक तथा पर्यटकीय स्थलहरुको छोटो परिचय दिन।<br>२. पर्यटकीय व्यापारका लागि स्थानीय उत्पादनहरुको सूची बनाउन। | कालिका मन्दिर, गोरखनाथको गुफा, रानीपोखरी, रामशाहको चौतारो, रामशाह घाट आदिको संक्षिप्त परिचय, ढाकाका कपडाहरु, गुरुङ, मगर भेषभूषाका कपडाहरु (घलेक, कछाड) | प्रश्नोत्तर,<br>समूहकार्य,<br>छलफल,<br>परियोजना कार्य,<br>कक्षाकार्य | कट, आउट,<br>दृष्य सामग्री | प्रश्नोत्तर,<br>कक्षाकार्य,<br>व्यवहार अवलोकन | १५ |
| ६. | स्थानीय संघसंस्था र कार्यालय | १. आफ्नो वडामा रहेका आमा समूह र बाल क्लवले गरेका सामाजिक विकासका कार्यहरु बताउन।<br>२. आफ्नो टोल सुधार/वचत, समूहले गर्न सक्ने कार्यहरुको सूची बनाउन। | बाटोघाटो, मठमन्दिर, चौतारो, पाटीपौवा, प्रतिक्षालय आदि निर्माण,गाउँ/धारा सरसफाई, पूँजी संकलन तथा ऋण प्रवाह, प्रोत्साहन तथा अवलोकन भ्रमण कार्यक्रम सुचीकृत गर्न | चित्र प्रदर्शन,<br>प्रश्नोत्तर,<br>स्थानीय लोक कथा प्रतियोगिता<br>परियोजना कार्य, मेला अवलोकन | पोस्टर,<br>श्रव्यदृश्य सामग्री, | प्रश्नोत्तर,<br>कक्षाकार्य,<br>व्यवहार अवलोकन,<br>अनुभव लेखन | १५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७. | सामाजिक मूल्य मान्यता र सामाजिक विकृति | १. आफ्नो समुदायमा असल आचरण पहिचान गरी अवलम्वन गर्न । | प्रचलित सामाजिक रीतिरिवाज आपसी सहयोग भारा पर्म पैचो सदभाव शिष्टाचार पालो पर्खने | चित्र प्रदर्शन, प्रश्नोत्तर, समूहकार्य, छलफल, परियोजना कार्य, कक्षाकार्य | चित्र,पोस्टर, पत्रपत्रिकाका कटिङ्हरु, श्रव्य दृश्य सामग्री ब्रोसर | प्रश्नोत्तर, कक्षाकार्य, व्यवहार अवलोकन | १५ |
| ८. | वातावरण संरक्षण र विपद् व्यवस्थापन | १. प्राकृतिक प्रकोपहरुको सामान्य परिचय दिन ।<br>२. वातावरण संरक्षणको लागि अवलम्वन गर्न सकिने उपायहरुको सूचीवद्ध गर्न । | बाढी पहिरो, भूकम्प, आगलागी, अतिबृष्टिको सक्षिप्त विवरण, वृक्षारोपण, सम्पदाको संरक्षण, फोहर ब्यवस्थापन | प्रश्नोत्तर, समूहकार्य, छलफल, परियोजना कार्य, कक्षाकार्य | श्रव्यदृश्य सामग्रीहरू, चित्र/पोष्टर, डकुमेन्ट्री, स्थलगत भ्रमण | प्रश्नोत्तर, कक्षाकार्य, व्यवहार अवलोकन, अनुभव लेखन | १३ |
| ९. | ब्यक्ति पहिचान तथा ब्यक्तित्व विकास | १. शिक्षा क्षेत्रमा विषेश योगदन दिने ब्यक्तिको परिचय दिन | शिक्षाप्रेमी तथा जनप्रतिनिधि वावर्तमान तथा भुतपूर्व शिक्षक तथा शिक्षाप्रेमिको परिचय र उहाले गरेको योगदान | खोजविधि परियोजना कार्य प्रश्नोत्तर | जीवनी लेखिएको सामग्री तस्वीर, फोटो, चित्रहरु | परियोजना कार्य प्रस्तुति अवलोकन प्रश्नोत्तर | १० |

**<u>कक्षा ६</u>**

| क्र. सं. | विषय क्षेत्र | कक्षा ६ | विषयवस्तुको विस्तृतीकरण | सिकाई सहजीकरण क्रियाकलाप | सिकाइ सामग्री | सिकाइ मूल्याङ्कन | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| १. | पालिका परिचय | १. पालिका भित्रको वडागत जनसंख्याको बनावट बारे बताउन ।<br>२. नगरभित्रको सडक, बाटोघाटो, विद्युतीकरण, पिउनेपानीको संक्षिपत जानकारी दिन ।<br>३. पालिकाभित्रका सरकारी तथा गैर सरकारी संघसंस्थाहरुको सूची बनाउन । | जनसंख्या विवरण प्रमुख सडक खाने पानी तथा विद्युत वितरणको अवस्था सेवा प्रदायक सरकारी तथा गैहसरकारी संघसंस्थाको सुची<br>पालिकाले सन्चालन गरेका गौरवका विकास योजनाको सूची | नक्सा प्रदर्शन, प्रश्नोत्तर, समूहकार्य, छलफल, परियोजना कार्य, कक्षाकार्य | नगरको नक्सा नगरमा बसोबास गर्ने जातजातिको सूची तस्वीर सेवा प्रदायक सरकारी तथा गैह सरकारी संस्थाको हाते पुस्तिका, नागरिक वडापत्र | प्रश्नोत्तर, कक्षाकार्य, एकाइ परीक्षा, व्यवहार अवलोकन | १५ |
| २. | ऐतिहासिक तथा पुरातात्विक संपदा | १. पालिकाभित्रका प्रमुख ऐतिहासिक तथा पुरातात्विक सम्पदाहरुको परिचय दिन ।<br>२. ऐतिहासिक तथा पुरातात्विक महत्वका  स्थलहरुको चित्र/पोष्टर बनाई प्रदर्शन गर्न । | माथिल्लो दरवार, तल्लो दरवार, गोरखनाथको गुफा, रामशाह चौतारो | प्रश्नोत्तर, समूहकार्य, छलफल, परियोजना कार्य, कक्षाकार्यगृहकार्य | चित्र श्रव्य दृश्य सामग्री अध्ययन अवलोकन भ्रमण | प्रश्नोत्तर, कक्षाकार्य, एकाइ परीक्षा, परियोजना कार्य, अवलोकन, | १५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३. | धार्मिक, सांस्कृतिक रीतिरिवाज एवम् स्थानीय कला | १. आ-आफ्नो समुदाय अनुसारको धार्मिक, जातजाति अनुसारको भेषभूषाको पहिचान गर्न ।<br>२. आफ्नो परम्परा अनुसार गरिने सामाजिक संस्कारमा सहभागी भई अनुभव आदान प्रदान गर्न । | नगरभित्र वसोवास गर्ने विभिन्न जातजाति गुरुङ, मगर, नेवार, मियाँ, कुमाल लगायत आदिको भेषभूषाको पहिचान | क्षेत्र भ्रमण, प्रश्नोत्तर, समूहकार्य, छलफल, परियाजना कार्य, कक्षाकार्य, कथाकथन | भेषभूषाका चित्र, तालिका, भिडियो बृत्तचित्र | प्रश्ननोत्तर, कक्षाकार्य, एकाइ परीक्षा, गृहकार्य, | १५ |
| ४. | कृषि पशुपालन तथा जडीवुटी | १. वेमौसमी खेतीको व्यावसायिक महत्व बताउन ।<br>२. पशुपंक्षी पालनमा सहभागी भई परिवारका सदस्यहरुलाई सघाउन ।<br>३. घर परिवारका सदस्यहरुले गर्ने कृषि कर्ममा सहभागी भई परिवारका सदस्यहरुलाई सघाउन ।<br>४. स्थानीय स्तरमा प्राप्त हुने जडीबुटीहरुको सूची बनाउन । | व्यावसाय र आयआर्जन, स्थानीय स्तरमा प्राप्त हुने विभिन्न जडीवुटीहरु जस्तै गुर्जो, असुरो, कुरिलो, नीमपत्ता, तितेपाती, आकाशवेली | क्षेत्र भ्रमण, प्रश्नोत्तर, समूहकार्य, छलफल, परियाजना कार्य, कक्षाकार्य | चित्र, वास्तविक वस्तु, श्रव्य दृश्य सामग्री अध्ययन भ्रमण | प्रश्ननोत्तर, कक्षाकार्य, एकाइ परीक्षा, व्यवहार अवलोकन, | १५ |
| ५. | पर्यटन र उद्योग | १. स्थानिय स्तरका घरवास (Home stay) को जानकारी दिन ।<br>२. पर्यटनका प्रवर्धनका लागि आवश्यक पूर्वाधारहरुको सूची बनाउन ।<br>३. स्थानीय परम्परागत सीप प्रयोग गरी स्थानीय स्तरमा खोलिएका घरेलु उद्योगहरुको सूची बनाउन । | विरेञ्चोक, सतीपीपल स्वाँरा, पश्चिमकाली होमस्टे आदिको जानकारी दिन, बाटोघाटो, बत्ती पानी, शहरीकरण, व्यवस्थित वसाईं; आरन, ढाकाका पहिरन निर्माण, सेरामिक्स उद्योग, | क्षेत्र भ्रमण, प्रश्नोत्तर, समूहकार्य, छलफल, परियोजना कार्य, कक्षाकार्य | चित्र, वास्तविक वस्तु, श्रव्य दृश्य सामग्री | प्रश्ननोत्तर, कक्षाकार्य, एकाइ परीक्षा, व्यवहार अवलोकन, | १५ |
| ६. | स्थानीय संघसंस्था र कार्यालय | ३. आमा समूह बालक्लव तथा सामाजिक संस्थाले गर्न सक्ने सामाजिक विकासका कार्यहरु बर्णन गर्न ।<br>२. आफ्नो वडाको स्वास्थ्य संस्थाको अध्ययन भ्रमण गरी यसले दिने सेवाको सूची  तयार गर्न ।<br>३. पालिका भित्रका शैक्षिक संस्थाहरुको सामान्य जानकारी दिन । | मठमन्दिर, चौतारो, पाटीपौवा, प्रतिक्षालय, सरसफाई, वित्तय संस्था पूँजी संकलन तथा ऋण प्रवाह, सुरक्षा निकाय, अस्पताल, गोरखा क्याम्पस , द्रव्यशाह क्याम्पस, प्राविधिक शिक्षालय, सामुदायिक तथा संस्थागत विद्यालय | क्षेत्र भ्रमण, प्रश्नोत्तर, समूहकार्य, छलफल, परियोजना कार्य, कक्षाकार्य | चित्र, श्रव्य दृश्य सामग्री अध्ययन भ्रमण | प्रश्ननोत्तर, कक्षाकार्य, एकाइ परीक्षा, व्यवहार अवलोकन, | १५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७. | सामाजिक मूल्य मान्यता र सामाजिक विकृति | १. धार्मिक र सामाजिक सहिष्णुतापूर्ण व्यवहार प्रदर्शन गर्न ।<br>२. आफ्नो समुदायमा प्रचलित अन्धविश्वासहरुको पहिचान गरी यसको असर/प्रभावलाई कम गर्न सहयोग गर्न । | अतिथि देवो भवको मान्ने संस्कार सार्वजनिक स्थलहरुको संरक्षण र संवर्धन,सहयोग दान, असहायलाई सहयोग, प्रकृतिको संरक्षण र सम्मान, छुवाछुत, जातिय विभेद, भुतप्रेत बोक्सी र चलनचल्तीका अभ्यासमा रहेका अन्धविश्वास कम गर्ने भूमिका | समूहकार्य,<br>छलफल,<br>परियोजना कार्य,<br>कक्षाकार्य,<br>कथाकथन | श्रव्य दृश्य सामग्री<br>चित्र,<br>श्रव्य दृश्य सामग्री<br>अध्ययन भ्रमण | प्रश्ननोत्तर,<br>कक्षाकार्य,<br>एकाइ परीक्षा,<br>व्यवहार<br>अवलोकन, | १५ |
| ८. | वातावरण संरक्षण र विपद् व्यवस्थापन | १. प्रकोपको वर्गीकरण गरी उदाहरण बताउन ।<br>२. भूकम्प, बाढीपहिरो र आगलागीबाट बच्ने उपायहरुको सूची बनाउन ।<br>३. घर तथा विद्यालयमा फोहोरमैलाको समुचित व्यवस्थापन गर्न । | प्राकृतिक र मानव निर्मित प्रकोप, नदी वा खोलामा तटबन्धको व्यवस्था, आगो चलाउँदा सावधानी अपनाउने, बन जंगलमा अग्निरेखा निर्माण, कुहिने र नकुहिने फोहोरमैलाको पहिचानसहित व्यवस्थापन ब्यक्तिगत सुरक्षाका उपाय | समूहकार्य,<br>छलफल,<br>परियोजना कार्य,<br>कक्षाकार्य<br>गृहकार्य | चित्र,<br>वास्तविक वस्तु,<br>श्रव्य दृश्य सामग्री<br>अध्ययन भ्रमण<br>भिडियो<br>बृत्तचित्र | प्रश्ननोत्तर,,<br>कक्षाकार्य,<br>एकाइ परीक्षा,<br>व्यवहार<br>अवलोकन, | १३ |
| ९. | ब्यक्ति पहिचान तथा ब्यक्तित्व विकास | १. पालिका भित्रको  तथा सामाजिक सेवामा क्षेत्रमा स्थापित ब्यक्तिको परिचय दिन<br>२. स्थापित ब्यक्तिको असल गुण अनुसरण गर्न | पालिका भित्रको विविध क्षेत्रमा योगदान पुर्याउने सामाजिक अभयान्ताको परिचय र उहाले गरेको योगदान | खोजविधि<br>परियोजना कार्य<br>प्रश्नोत्तर, कथाकथन | जीवनी लेखिएको सामग्री तस्वीर | परियोजना कार्य<br>प्रस्तुति<br>अवलोकन<br>प्रश्नोत्तर | १० |

**कक्षा ७**

| **क्र. सं.** | **विषय क्षेत्र** | **सिकाइ उपलब्धि** | **विषयवस्तुको विस्तृतीकरण** | **सिकाई सहजीकरण क्रियाकलाप** | **सिकाइ सामग्री** | **सिकाइ मूल्याङ्कन** | **पाठ्यभार** |
|---|---|---|---|---|---|---|---|
| १. | पालिका परिचय | १. पालिकाभित्रको वडागत जनसंख्याको वितरणलाई तालिका, बृत्तचित्र, स्तम्भचित्रमा प्रस्तुत गर्न ।<br>२. पालिकाभित्र निर्माणाधिन विकास निर्माणका आयोजनाबारे | जनसंख्या विवरण, दीर्घकालिन तथा अल्पकालिन भौतिक संरचनाहरुको निर्माण, महत्वाकांक्षी आयोजनहरु, देनिक प्रशासनिक सेवा, सेवामुखी कार्यहरु, विद्यालय, क्याम्पस, अस्पताल, स्वास्थ्य केन्द्र,NGO, INGO, आदिवाट प्राप्त | नक्सा प्रदर्शन,<br>क्षेत्र भ्रमण,<br>प्रश्नोत्तर,<br>समूहकार्य,<br>छलफल,<br>परियोजना कार्य, | नगरबाटै प्रकाशितबुलेटिनहरू,<br>श्रव्य दृश्य सामग्री,<br>पोष्टर, चित्रहरु | प्रश्ननोत्तर,<br>कक्षाकार्य,<br>एकाइ परीक्षा,<br>व्यवहार<br>अवलोकन,<br>सहभागिता | **१५** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | संक्षिप्त जानकारी दिन ।<br>३. पालिकाभित्र संचालित सामाजिक संघसंस्थाहरुले प्रदान गर्ने सेवाहरुको सूची बनाउन ।<br>४. नगरपालिकाको नक्सा कोर्न । | सेवाहरु, सरकारी प्रशासनिक कार्यालयहरुवाट हुने सेवा ।<br>पालिकाले सन्चालन गरेका गौरवका विकास योजनाको संक्षिप्त परिचय | कक्षाकार्य | | | |
| २. | ऐतिहासिक तथा पुरातात्विक संपदा | १. पालिकाभित्रका प्रमुख ऐतिहासिक स्थलहरुको सामाजिक र आर्थिक महत्व बताउन ।<br>२. ऐतिहासिक महत्वका सभासमारोहहरुमा सहभागि हुन । | गोरखा दरवार, गोरखा संग्रहालय, भमसेन पार्क, पश्चिमकाली, कुहिरे भीरको भ्यू टावर, रामशाह घाट आदिको सामाजिक तथा आर्थिक महत्व, | क्षेत्र भ्रमण,<br>प्रश्नोत्तर,<br>समूहकार्य,<br>छलफल,<br>परियोजना कार्य,<br>कक्षाकार्य,<br>कथाकथन | श्रव्य दृश्य सामग्री,<br>विभिन्न चार्टहरू,<br>विभिन्न संस्थाबाट प्रकाशित पोस्टर पम्पलेटहरू | हाजिरीजवाफ,<br>प्रश्ननोत्तर,<br>कक्षाकार्य,<br>एकाइ परीक्षा,<br>व्यवहार अवलोकन | १५ |
| ३. | धार्मिक, सांस्कृतिक रीतिरिवाज एवम् स्थानीय कला | १. स्थानीय लोकसंस्कृतिको परिचय दिन ।<br>२. स्थानीय मेला महोत्सवमा सहभागी भई अनुभव आदान प्रदान गर्न । | गाईजात्रा, रोपाईजात्रा, घाटु, चुड्का, बालन, भजन, लाखे नाच, पाङ्दुरे, सोरठी आदिको परिचय, खैंजडी, मादल, बासुरी, दमाहा, ढलकी, ट्याम्को सारङ्गी, आदिको प्रयोग र निर्माण, | क्षेत्र भ्रमण,<br>प्रश्नोत्तर,<br>समूहकार्य,<br>छलफल,<br>परियोजना कार्य,<br>कक्षाकार्य,<br>कथाकथन | श्रव्य दृश्य सामग्री,<br>विभिन्न संस्थाबाट प्रकाशित पोस्टर पम्पलेटहरू | प्रश्ननोत्तर,<br>कक्षाकार्य,<br>एकाइ परीक्षा,<br>व्यवहार अवलोकन,<br>सहभागिता | **१५** |
| ४. | कृषि पशुपालन तथा जडीवुटी | १. कृषि तथा पशुपालनको परियोजना कार्य गरी प्रदर्शन गर्न ।<br>२. स्थानीय स्तरमा खेती गरिने नगदे बाली र खाद्यान्न बाली हरुको सूची बनाउन ।<br>३. प्रायोगमा आएका परम्परागत र आधुनि कृषि औजारहरुको चिनारी तथा प्रयोग ।<br>४. स्थानीय स्तरमा प्राप्त हुने जडीबुटी र यसको फाइदा बताउन | आलु/पिंडालु, प्याँजको नर्सरी, माछा, मौरी, कुखुरा, बंगुर पालन, धान,मकै, गहुँ, कोदो जस्ता खाद्यान्न वालीको खेती, हलो कोदालो, कुटो, हसिया, खुर्पा, दाँदे जस्ता परम्परागत र आधुनिक जोत्ने ट्रयाक्टर, थ्रेसर, स्प्रेयर, आदि, गुर्जो, चिराइतो, तितेपाती, निमपत्ता, तुलसी, पुदिना, असुरो, रानीसिन्का, वेलाउती आदि औषधीको प्रयोग | क्षेत्र भ्रमण,<br>प्रश्नोत्तर,<br>समूहकार्य,<br>छलफल,<br>कक्षा कार्य<br>सम्बन्धित लेख,<br>व्यावसायीसँगको अन्तरवार्ता/छलफल | श्रव्यदृश्य सामग्री<br>पत्रपत्रिका बुलेटिन,<br>पोस्टर, पम्पलेट,<br>पक्षी हेरचाहमा अपनाउनुपर्ने सावधानीको सूची | प्रश्ननोत्तर,<br>कक्षाकार्य,<br>एकाइ परीक्षा,<br>व्यवहार अवलोकन,<br>सहभागिता | १५ |
| ५. | पर्यटन र उद्योग | १. पर्यटन व्यावसायको परिचय र महत्व बताउन ।<br>२. आन्तरिक र बाह्य पर्यटनको अवधारणा बताउन ।<br>३. स्थानीय उद्योगहरुको पहिचान | पर्यटन व्यावसायको सामाजिक आर्थिक महत्व, पालिका/जिल्ला/प्रदेश/देश भित्र र बाहिर हुने पर्यटनको अवधारणा, आरन, ढाकाका पहिरन निर्माण, सेरामिक्स उद्योग, जस्ता साना तथा घरेलु उद्योग र | क्षेत्र भ्रमण,<br>प्रश्नोत्तर,<br>समूहकार्य,<br>परियोजना कार्य, | होमस्टेको फोटो,<br>ब्रोसर,<br>भिडियो, पम्पलेट, श्रव्य दृश्य सामाग्री,<br>चित्र/फोटो | प्रश्ननोत्तर,<br>कक्षाकार्य,<br>एकाइ परीक्षा,<br>गृहकार्य | **१५** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | गरी यसले पुर्याउने योगदान बताउन। | कुन्दुर ईट्टा उद्योग, गोरखकाली रवर उद्योग र यसले अर्थतन्त्रमा पुर्याउने योगदान | | | | |
| ६. | स्थानीय संघसंस्था र कार्यालय | १. सेवा प्रदायक सरकारी तथा गैहसरकारी संघ संस्थाहरुको सूची तयार गर्न।<br>२. आफ्नो वडा कार्यालयबाट प्रवाह हुने सेवा सुविधाको सूची तयार गर्न<br>३. पालिका भित्रका वित्तिय संस्थाहरुको संक्षिप्त परिचय दिन। | वडा कार्यालय लगायत पालिका भित्रका सम्पूर्ण प्रशासनिक कार्यालयहरु, सुरक्षा निकाय अस्पताल, शिक्षालय, रेडक्रस,NGO, INGO, CBO'S, लगायत सेवाप्रदायक कार्यालयहरु, वडाकार्यालयवाट प्राप्त हुने सम्पूर्ण सेवा सुविधाको सूची, पालिका भित्रका वैंकहरु, लघुवित्त, सहकारी, वचत तथा ऋण समूह आदिको परिचय | क्षेत्र भ्रमण, प्रश्नोत्तर, समूहकार्य, परियोजना कार्य, अध्ययन भ्रमण, कथाकथन | वडा कार्यालयको फोटो, वैंक तथा वित्तीय संस्थाको फोटो, व्रोसर,पम्पलेट, हाते पुस्तिकाहरु, | प्रश्ननोत्तर, कक्षाकार्य, एकाइ परीक्षा, व्यवहार अवलोकन, सहभागिता | १५ |
| ७. | सामाजिक मूल्य मान्यता र सामाजिक विकृति | १. आवश्यकता अनुसार आपसी सहयोग आदान प्रदान गर्ने वानीको विकास गर्न।<br>२. परम्परादेखि चलि आएका असल सामाजिक अभ्यासलाई निरन्तरता दिन।<br>३. सामाजिक विकृतिहरु पहिचान गरी उक्त विकृतिहरु न्यूनीकरण गर्नका लागि भूमिका खेल्न। | अतिथि देवो भव: भावनाको विकास, आफू भन्दा ठूला तथा गुरुहरुको आदर सम्मान गर्ने संस्कार, सार्वजनिक स्थलहरुको संरक्षण र संवर्धन, सहयोग दान, असहायलाई सहयोग, प्रकृतिको संरक्षण र सम्मान, छुवाछुत, जातिय विभेद, भुतप्रेत बोक्सी र चलनचल्तीका अभ्यासमा रहेका अन्धविश्वास कम गर्ने भूमिका खेल्न | प्रश्नोत्तर, छलफल अवलोकन संग्राहलय भ्रमण | चित्र,पोस्टर, पत्रपत्रिकाका कटिङ्हरु, श्रव्य दृश्य सामग्री व्रोसर | प्रश्ननोत्तर, कक्षाकार्य, एकाइ परीक्षा, व्यवहार अवलोकन, सहभागिता | १५ |
| ८. | वातावरण संरक्षण र विपद् व्यवस्थापन | १. प्राकृतिक र मानव सिर्जित प्रकोपहरुको कारण बताउन।<br>२. प्राकृतिक सम्पदाको समुचित सदुपयोग गर्न।<br>३. विद्यालय हातामा हरियाली वगैंचा निर्माणमा सरिक हुन। | बाढी पहिरो, आगोलागी, हावाहुरी, नदी कटान, महामारी, सरुवा रोगहरु आदिको कारण,बनजंगल, नदी/खोला, ढुङ्गा खानी, पोखरी/तालतलैयाको समुचित प्रयोग। | कथा कथन, प्रश्नोत्तर, छलफल, समूहकार्य, परियोजना कार्य, कक्षाकार्य | वृक्षारोपणका चित्रहरू, योग ध्यानका लागि श्रव्यदृश्य सामग्री | प्रश्ननोत्तर, कक्षाकार्य, एकाइ परीक्षा, व्यवहार अवलोकन, सहभागिता | **१३** |
| ९. | ब्यक्ति पहिचान तथा ब्यक्तित्व विकास | १.साहित्य कला भाषा तथा संस्कृतिक क्षेत्रमा योगदान पुर्याएका ब्यक्तिको परिचय र योगदान दिन<br>२. स्थापित ब्यक्तिको असल गुण अनुसरण गर्न | साहित्यिक भाषिक खेलकुद तथा लोककला क्षेत्रमा योगदान दिएको तथा ख्याति कमाएका ब्यक्तिको जीवनी तथा | खोज अनुसन्धान परियोजना कार्य छलफल प्रश्नोत्तर, कथाकथन | श्रव्यदृश्य सामग्री जीवनी | लिखित मौखिक प्रश्ननोत्तर, कक्षाकार्य, एकाइ परीक्षा, | **१०** |

**कक्षा ८**

| क्र. सं. | विषय क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाई सहजीकरण क्रियाकलाप | सिकाइ सामग्री | सिकाइ मूल्याङ्कन | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|
| १. | पालिका परिचय | १. पालिकामा उपलव्ध जनशक्ति र बसाईसराईको अवस्था बताउन । २. पालिकाभित्र अवस्थित ऐतिहासिक धरोहरबारे संक्षिप्त परिचय दिन । ३. पालिका भित्रका प्रमुख पर्यटकीय धार्मिक, सांस्कृतिकतथा ऐतिहासिक स्थलहरुको बर्णन गर्न । ४. नगरपालिकाको नक्सा बनाई दिइएको विवरण (व्यापरिक केन्द्र/पर्याटकीय क्षेत्र/धार्मिक स्थल) आदि भर्न । | पालिका स्तरमा रहेका मानव संसाधनर तिनको उपयोग, पालिका भित्रको वसाइसराईको अवस्था, पृथ्वीनारायण शाहको दरवार, रामशाहको चौतारो, रानीपोखरी, रामशाहघाट, बाबा गोरखनाथ, विसे नगर्ची, बुद राना, वुद्धिवल राना आदिको संक्षिप्त परिचय, विरिमकाली, पश्चिमकाली, विन्ध्यवासिनी, ताप्लेकोट, बुडीकोट, वागभैरव,सीतापाइला, मस्जिद आदि स्थलको वर्णन गर्न, पालिकाले सन्चालन गरेका गौरवका विकास योजनाले प्रदान गर्ने सेवा सुविधा | प्रश्ननोत्तर, छलफल, समूहकार्य, परियोजना कार्य, कक्षाकार्य गृहकार्य | पत्रपत्रिका, वुलेटिन, विभिन्न तथ्यका सूची चित्र/फोटो, अध्ययन भ्रमण | प्रश्ननोत्तर, कक्षाकार्य, एकाइ परीक्षा, सहभागिता | १५ |
| २. | ऐतिहासिक तथा पुरातात्विक संपदा | १. पालिकाभित्रका ऐतिहासिक तथा पुरातात्विक सम्पदा स्थलहरुको संरक्षण र संवर्धनमा टेवा पुऱ्याउने । २. पालिकाभित्रका प्रमुख ऐतिहासिक स्थलहरुले जनजीवनमा पार्ने सामाजिक, आर्थिकप्रभाव बताउन । ३. ऐतिहासिक कथा वस्तुसँग आधारित भई अभिनय गर्न । | ऐतिहासिक तथा पुरातात्विक सम्पदा स्थलहरुको संरक्षण र संवर्धनमा टेवा पुर्याउन गरिने कार्य, सामाजिक सद्भावको विकास, रहनसहनको आदान प्रदान, आयआर्जनमा टेवा, व्यापार व्यावसायमा वृद्धि, जीविकोपार्जनमा सहयोग, | प्रश्ननोत्तर, छलफल, समूहकार्य, परियोजना कार्य, कक्षाकार्य, क्षेत्रगत भ्रमण, विज्ञसँगको अन्तरक्रिया, कथाकथन | चित्र वा वास्तविक वस्तु, श्रव्यदृश्य सामग्री पत्रपत्रिका, वुलेटिन, विभिन्न तथ्यका सूची अध्ययन भ्रमण | प्रश्ननोत्तर, कक्षाकार्य, एकाइ परीक्षा, व्यवहार अवलोकन, सहभागिता | १५ |
| ३. | धार्मिक, सांस्कृतिक रीतिरिवाज एवम् स्थानीय कला | १. सामाजिक सहिष्णुताको महत्व बताउन । २. स्थानीय लोकगीत गाउन, लोकबाजाहरुको प्रयोग गर्न । ३. स्थानीय लोकसंस्कृति र भेषभूषाको संरक्षण र संवर्धनमा टेवा पुऱ्याउन । | सामाजिक मेलमिलाप, आस्थाको कदर, मिलेर बस्ने वानीको विकास, अर्काको अस्तित्व स्वीकार, घाटु, चुड्का, बालन, भजन, लाखे नाच, पाङ्दुरे, सोरठी आदिको संरक्षण र संवर्धनमा सहयोग | प्रश्ननोत्तर, छलफल, समूहकार्य, परियोजना कार्य, क्षेत्रगत भ्रमण, विज्ञसँगको अन्तरक्रिया, कथाकथन | विभिन्न पत्रपत्रिका, वुलेटिन, पोस्टर, पम्पलेट, आदि | प्रश्ननोत्तर, कक्षाकार्य, एकाइ परीक्षा, व्यवहार अवलोकन, सहभागिता | १५ |
| ४. | कृषि पशुपालन तथा जडीवुटी | १. कृषि तथा पशुपालनको परियोजना कार्य गरी प्रदर्शन गर्न । | कृषिलाई आधुनिकिकरण गरी वजारको व्यवस्थाको वृद्धी, बाँझो जग्गाको आवादी, | प्रश्ननोत्तर, छलफल, | चार्ट, पोस्टर, पन्छीपालन | प्रश्ननोत्तर, कक्षाकार्य, | १५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | २. व्यावसायिक कृषिको लागि बजार व्यवस्थापनको आवश्यकता बताउन ।<br>३. कृषकहरुको कृषि कर्ममा सहयोय गर्ने संघ संस्थाहरुले दिने सेवाहरुको सूची बनाउन ।<br>४. स्थानीयस्तरमा प्राप्त हुने जडीबुटीहरुको महत्व र प्रयोग बताउन ।<br>५. पालिका स्थित आयर्वेदिक औषधालयबाट प्राप्त हुने सेवाहरु बताउन | कृषि ज्ञानकेन्द्रद्वारा प्रदायक सेवाहरु, कृषिसँग सम्वन्धित समूहहरु, वैंक तथा वित्तीय संस्थाहरु, पालिका स्थित कृषि शाखा,गुर्जो, चिराइतो, तितेपाती, निमपत्ता, तुलसी, पुदिना, असुरो, रानीसिन्का, वेलाउती आदि औषधीको प्रयोग, आयुर्वेद कार्यालयको परिचय र यसले दिने सेवाहरु | समूहकार्य,<br>परियोजना कार्य,<br>कक्षा कार्य,<br>क्षेत्रगत भ्रमण,<br>विज्ञसँगको अन्तरक्रिया | व्यावसाय सम्बन्धी श्रव्यदृश्य सामग्रीहरू,<br>लेख रचना तथा अन्तरवार्ता<br>आयुर्वेद औषधालयको व्रोसर | एकाइ परीक्षा,<br>व्यवहार अवलोकन,<br>सहभागिता | |
| ५. | पर्यटन र उद्योग | १. पर्यटन व्यावसायका किसिमहरु बताउन ।<br>२. पर्यटन व्यावसायले समाजमा पार्ने सकारात्मक र नकरात्मक प्रभावहरु बताउन ।<br>३. पर्यटन प्रवर्धनमा स्थानीय सरकारको भूमिका बर्णन गर्न ।<br>४. उद्योग स्थापनाको लागि आवश्यक पूर्वाधारहरुको सूची तयार गर्न । | आन्तरिक र बाह्य पर्यटन, संस्कृति, रोजगारीको अवसर, पालिका भित्रका पर्यटकीय क्षेत्रहरुको पहिचान र उचित व्यवस्थापन संरक्षण, प्रवर्धन र विकासको लागि गरिने कामहरु, रुग्ण तथा वन्द उद्योगहरु संचालनको लागि नीति तथा कानुन, लगानी आदिको समुचित व्यवस्था, उद्योगको स्थानीकरण, कच्चा पदार्थको व्यवस्था, वजारीकरण, मानव संसाधनको उचित प्रयोग | प्रश्नोत्तर,<br>छलफल,<br>समूहकार्य,<br>परियोजना कार्य,<br>कक्षाकार्य,<br>क्षेत्रगत भ्रमण,<br>विज्ञसँगको अन्तरक्रिया | पर्यटकीय स्थलहरूको सूची<br>पर्यटन विकासको लागि गरेका गतिविधि चार्ट,<br>आफ्नो परिसरबाट देखिने हिमालको नामसहितको चित्र | प्रश्नोत्तर,<br>कक्षाकार्य,<br>एकाइ परीक्षा,<br>व्यवहार अवलोकन,<br>सहभागिता,<br>हाजिरीजवाफ | १५ |
| ६. | स्थानीय संघसंस्था र कार्यालय | १. पालिका भित्रका सेवा प्रदायक कार्यालयहरुको मुख्य मुख्य कार्य बताउन ।<br>२. आफ्नो पालिकाले प्रवाह हुने प्रमुख सेवाहरुको सूची तयार गर्न ।<br>३. पालिका भित्रका वित्तिय संस्थाहरुले दिने सेवा तथा कार्यहरु बताउन । | शिक्षालय, स्वास्थ्य सेवा प्रदायक संस्थाहरु, प्रशासनिक कार्यालयहरु, सुरक्षा निकाय NGO, INGO, CBO's वाट प्रवाह हुने मुख्य मुख्य सेवा, पालिकाभित्र रहेका विभिन्न शाखा उपशाखावाट प्राप्त सेवाहरु, ऋण अनुदान, सल्लाह/ परामर्श/विज्ञ सेवा जस्ता कार्यहरु, मानवसेवा आश्रमको परिचय र सेवा | प्रश्नोत्तर,<br>छलफल,<br>समूहकार्य,<br>परियोजना कार्य,<br>कक्षाकार्य,<br>क्षेत्रगत भ्रमण,<br>विज्ञसँगको अन्तरक्रिया | चित्र/तस्बीर,<br>श्रव्यदृश्य सामग्री<br>महत्त्व उल्लेखित चार्ट,<br>नागरिक वडापत्र | प्रश्नोत्तर,<br>कक्षाकार्य,<br>एकाइ परीक्षा,<br>व्यवहार अवलोकन,<br>सहभागिता | १५ |
| ७. | सामाजिक मूल्य मान्यता र सामाजिक विकृति | १. द्वन्द्व व्यवस्थपनका सीपहरु प्रयोग गरी सामाजिक सद्भाव कायम गर्न सहयोग गर्न ।<br>२. सामाजिक सद्भाव कायम राख्नको लागि नेतृत्व विकास गर्न ।<br>३. सामाजिक विकृतीहरु पहिचान गरी | द्वन्द्वको पहिचान, उत्पतिको कारण, द्वन्द्वरत पक्षहरुवीच वार्ता, छलफल, संवन्धित निकायमा संप्रेषण मेलमिलापको लागि मध्यस्तकर्ताको भूमिका, सामाजिक सहिष्णुता, पिडक र पिडितको पहिचान, पिडकलाई सजाय र पिडितलाई | प्रश्नोत्तर,<br>छलफल,<br>समूहकार्य,<br>परियोजना कार्य, ,<br>विज्ञसँगको अन्तरक्रिया, | सामाजिक मूल्य मान्यताको संरक्षण गर्ने उपायहरू सहितको चार्ट,<br>विभिन्न चित्र तथा डकुमेन्ट्री | प्रश्नोत्तर,<br>कक्षाकार्य,<br>एकाइ परीक्षा,<br>व्यवहार अवलोकन,<br>सहभागिता | १५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | उक्त विकृतिहरु न्यूनीकरण गर्नका लागि भूमिका खेल्न । | न्याय,विद्यमान सामाजिक विकृतिको पहिचान र न्यूनीकरणका लागि भए गरेका असल अभ्यास | कथाकथन | | | |
| ८. | वातावरण संरक्षण र विपद् व्यवस्थापन | १. प्राकृतिक र मानव सिर्जित प्रकोपहरुको कारण, असर र न्यूनीकरणका उपायहरु बताउन । <br> २. वातावरण संरक्षणमा बनजंगल र बन्यजन्तुको महत्व <br> ३. पालिका भित्रका संभावित प्रकोपका स्थल (Disaster prone zone) हरुको पहिचान । <br> ४. समुदायका नीजी तथा सार्वजनिक स्थलहरुमा फोहोरमैलाको समुचित व्यवस्थापन गर्न । | बाढी पहिरो, आगोलागी, हावाहुरी, नदी कटान, महामारी, सरुवा रोगको कारण, प्राकृतिक र मानव सिर्जित प्रकोपहरुको असर र यसको न्युनीकरणको उपायहरु, ecosystem , पर्याप्त, वन पैदावर, वन्यजन्तुहरुको वासस्थान, निकुञ्ज, आरक्षण, दुर्लभ बन्यजन्तुको संरक्षण, दरौंदी/मर्स्याङदी नदी तथा सिर्दी खोला/लुँदी खोलाको कटान, कुहिरे भीर, ताप्ले, सलाङ्गिरीको पहिरो, सडक दुर्घटना, रानीवन, घलाङ, लुदी दामगाडेको वन डँढेलो, सामुदायका नीजि तथा सार्वजनिक स्थलका फोहोर व्यवस्थापन, | प्रश्ननोत्तर, छलफल, समूहकार्य, परियोजना कार्य, कक्षाकार्य, क्षेत्रगत भ्रमण, विज्ञसँगको अन्तरक्रिया, कथाकथन | वृक्षारोपणका चित्रहरु | प्रश्ननोत्तर, कक्षाकार्य, एकाइ परीक्षा, व्यवहार अवलोकन, सहभागिता | १३ |
| ९. | ब्यक्ति पहिचान तथा ब्यक्तित्व विकास | १.समाज निर्माणमा समर्पित वा खेलकुद क्षेत्रमा स्थापित ब्यक्तिको चिनारी प्रस्तुत गर्न <br> २. असल ब्यक्तिका अनुकरणीय गुण पहिचान गरी अनुरण गर्न | स्थानिय शहीद अथवा खेलकुद तथा अन्य क्षेत्रमा  योगदान दिएको तथा ख्याति कमाएका ब्यक्तिको जीवनी | खोज अनुसन्धान परियोजना कार्य छलफल प्रश्नोत्तर | श्रव्यदृश्य सामग्री जीवनी | लिखित मौखिक प्रश्ननोत्तर, कक्षाकार्य, एकाइ परीक्षा, | १० |

**११. सिकाइ सहजीकरण प्रक्रिया :**

अपेक्षा गरे अनुरुप सिकाइ उपलब्धि हासिल गर्न उपयुक्त वातावरण सिर्जना गरी शिक्षक विद्यार्थी र विषयवस्तु बीच गराइने सक्रिय अन्तरक्रिया नै सिकाइ सहजीकरण प्रक्रिया हो। यस्ता क्रियाकलाप उद्देश्य र विषय वस्तुको प्रकृति अनुरुप कक्षा कोठा भित्र तथा वाहिर पनि सन्चालन गरिन्छन्। वालवालिकाहरु स्वभावैले फरकफरक हुने भएकाले उनिहरुको सिकाइ शैलि पनि फरक फरक हुन्छ। कुनै विद्यार्थिले छिटो सिक्छन भने कुनैलाइ सिक्न समय लाग्छ।  त्यसकारण सिकाउने विधि तथा क्रियाकलाप उनिहरुको रुचि क्षमता अनुसार शिक्षकले चयन गर्नुपर्ने हुन्छ। यस अलावा वालवलिकाको ब्यक्तिगत शारीरिक अवस्थालाइ पनि ख्याल गर्दे सिकाइ क्रियाकलाप सञ्चालन गर्नु पर्दछ। विषयगत पाठ्यक्रम (Subject-Based Curriculum  र Local Curriculum )मा केही समानता र केही भिन्नता रहेको हुन्छ। स्थानीय पाठ्यक्रम विशेषगरी आवश्यक ठानिएका विषयवस्तु (Phenomena) समावेश गरिएका हुन्छन त्यसकारण यस्ता विषयवस्तुलाइ केन्द्रीय पाठ्यक्रमले तोकेका विषयवस्तु संग एकिकृत गरि सिकाइ कार्यकलाप संचालन गर्नु पर्दछ।

स्थानीय पाठ्यक्रमले अपेक्षा गरेका सीप, ज्ञान तथा अनुभवहरू सिकाउन सिकाइ योजना बनाउँदा निम्नलिखित तथ्यलाई ध्यान दिनु पर्दछ।

१. समग्र पाठ्यक्रमको अध्ययन गरी अन्तरसम्बन्धित विषयक्षेत्र पहिचान गर्नु पर्दछ।

३. प्रभावकारी सिकाइ प्रत्यक्ष अनुभवबाट हुनेहुँदा सिकाइ क्रियाकलाप निर्माण गर्दा यथासम्भव ज्ञानेन्द्रिय (Sensory Organs) प्रयोगहुने गरी गर्नु पर्दछ।

४. सिकाइ क्रियाकलापमा बालबालिकाको रूचिअनुसारका खेल तथा रचनात्मक कार्य समावेशगरी अधिक सहभागिताको सुनिश्चतता गरिनु पर्दछ।

५. बालबालिकाको रूचि, उमेर, भाषा, व्यक्तिगत वा पारिवारिक पृष्ठभूमि समेत ख्याल गरी आवश्यकता अनुसार वैयक्तिक सिकाइ क्रियाकलाप पनि सञ्चालन गर्नु पर्दछ।

६. स्थानीय विषयको पाठ्यक्रमले अपेक्षागरेका सीप तथा ज्ञानसँग सम्बन्धित सिकाइ उपलब्धिहरू हासिल गराउन पाठ्यपुस्तक उपलब्ध नहुँदाको अवस्थामा पनि स्थानीय रूपमा सामग्री बनाउने, संकलन गर्ने वा अन्य वैकल्पिक व्यवस्थापन गर्नु पर्दछ। स्थानीय पाठ्यक्रमको मिल्दो विषयस्तु भएमा केन्द्रकृत पाठ्यसामग्री पनि प्रयोगमा ल्यउन सकिन्छ।

७ प्रविधियुक्त कक्षा मोबाइल, कम्प्युटर, प्रोजेक्टरआदि मल्टीमिडियाको उपयोग गरी धारणाहरूको दृश्याङ्कन गरी प्रयोग गर्न सकिन्छ।

८ पाठयक्रमले निर्धारण गरेको विषय क्षेत्रका सिकाई उपलब्धी हासिल गर्न विषय वस्तुको विस्तृतीकरणमा समेट्न नसकिएका यावत विषयहरु भएकाले सम्वन्धित विषय शिक्षकले विषय सिकाउने नै स्थानिय भएको हुदां मिल्दोजुल्दो विषय आफैले छनोट गरी शिक्षण गर्ने ब्यवस्था मिलाउनुका साथै एकिकृत पाठयक्रमको अवधारण अनुसार अन्य विषय संग पनि अन्तर सम्वन्ध गराउदै शिक्षण प्रक्रियालाई अगाडि वढाउन सकिन्छ।

**सम्भावित सिकाइ क्रियाकलापहरूः**

क्रियाकलापमुखी सिकाइमा जोड दिई सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालनका लागि प्रयोग गर्न सकिने केही सम्भावित विधि र प्रक्रिया उदाहरणका रूपमा यहाँ प्रस्तुत गरिएको छ । शिक्षकले यी र अन्य क्रियाकलापमुखी र विद्यार्थीकेन्द्रित सिकाइ विधि छनोट गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ ।

**क. कथाकथन (Story-telling)**

यस विधिमा विषयवस्तुलाई कथाको रूपमा प्रस्तुत गर्न सकिन्छ । विषेशगरी यो विधि ससाना उमेरका विद्यार्थीहरुमा वढी प्रभाकारी हुन्छ ।

**ख. भूमिका निर्वाह, अभिनय (Role Play)**

यसमा सन्दर्भ र भूमिकाको बारेमा छलफल तथा निर्धारण, भूमिका बहन, छलफल र निष्कर्ष निकाली विद्यार्थीहरुलाइ नै सहभागी गराएर अभ्यास गरिने हुँदा सिकाइ रोचक एवं प्रभावकारी हुन्छ ।

**ग. सहयोगात्मक सिकाइः (Collaborative Learning)**

यसमा सामान्यतया समूह विभाजन, समस्या र विषयवस्तु प्रस्तुति, समूहमा छलफल र निष्कर्ष वा समाधान निकालिन्छ । शिक्षकको भुमिका सहजर्ताको रुपमा मात्रै हुनेहुदाँ लजालु विद्यार्थीहरुलाइ समेत सिक्नमा सहजता हुन्छ ।

**घ. परियोजना कार्यः (Project work)**

विद्यार्थीको उमेर र स्तरअनुसारका विभिन्न परियोजना कार्य दिई विद्यार्थीले आफैं खोज्ने तथा गरेर सिक्ने अवस्था सिर्जना गर्न सकिन्छ ।

**ङ. छलफल र प्रश्नोत्तर (Discussion and Query)**

यसमा शिक्षक विद्यार्थी, विद्यार्थी शिक्षक, विद्यार्थी विद्यार्थी बिचमा प्रश्न र उत्तर गर्न सकिन्छ । प्रश्नहरूले स्मरणको प्रत्याह्वान भन्दा पनि विद्यार्थीलाई सोच्न, कारण खोज्न, मस्तिष्क मन्थन गर्न लगाइ सिर्जनात्मक तथा रचनात्मक सोचाइलाई प्रोत्साहन गर्न सक्नुपर्छ । त्यसैगरी प्रश्नोत्तर र छलफलमा कक्षामा सबैका अगाडि प्रश्न सोध्ने, एकछिन पर्खने, कुनै पनि विद्यार्थीलाई तोकेर उत्तर दिन लगाउने, उत्तर राम्रोसँग सुन्ने र अन्त्यमा छलफल र मूल्याङ्कन गर्ने प्रक्रिया प्रयोग गर्न सकिन्छ।

**च. अनुसन्धान तथा खोजः (Inquiry Method)**

यसमा समस्या वा प्रश्नको प्रस्तुति, गर्नुपर्ने र खोज कार्य र तरीकाको बारेमा छलफल गरीविद्यार्थीहरूद्वारा खोज गरी निष्कर्ष प्रस्तुति र पृष्ठपोषण दिइन्छ ।

**ज. सिर्जनात्मक कार्य (Creative work)**

यसमा चित्र निर्माण, रङ भर्ने, कागज काट्ने र पट्याउने, सम्बन्ध स्थापना जस्ता कार्यहरूद्वारा सिकाइ गर्न सकिन्छ ।

**झ. समस्या समाधान विधि (Problem solving)**

यस विधिमा समस्यालाई बुझ्ने, योजना निर्माण, योजना कार्यान्वयन, पछाडि फर्केर हेर्ने र परिणामलाई जाँच्ने प्रक्रियाद्वारा समस्या समाधान गरिन्छ ।

**ञ. खेल विधिः (Play-way method)**

यसमा विषयवस्तुलाई खेलका माध्यमबाट प्रस्तुत गरी अभ्यास गराइन्छ ।

**ट. प्रयोगात्मक विधि (Practical method)**

यसमा कक्षाकोठा भित्र र बाहिर प्रयोगात्मक कार्यका माध्यमबाट सिकाइ कार्य गराइन्छ ।

**ठ. अवलोकन भ्रमण (Field visit)**

विभिन्न स्थानको भ्रमण गराइ त्यहाँ देखेको सिकेको कुरा प्रतिबिम्बन गराइन्छ ।

**ड. स्वाध्ययन तथा छलफल (Self-Learning)**

विभिन्न किसिमका सामग्रीका अध्ययनको माध्यमबाट सिकाइ गर्दा सामग्री छनोट, अध्ययन र धारणा वा विचारनिर्माण गरिन्छ र यसलाई आवश्यकतानुसार विद्यार्थीबिच छलफल गराउन सकिन्छ ।

**१२. सिकाइ मुल्याङ्कन प्रक्रिया (Assessment Procedures)**

मुल्याङ्कन सिकाइको अभिन्न अंग हो । पाठ्यक्रमले तोकेका ज्ञान तथा सीप समावेश हुनेगरि निर्धारण गरिएका सिकाइ उपलब्धि कुन हद सम्म हासिल भए भएनन् सिकाइका लागि निर्माण गरिएका पाठ्यक्रम समवद्ध सामग्री केकति प्रभावकारी भए तथा प्रयोग गरीएका सिकाइ सहजिकरण विधि मार्फत विद्यार्थीको ज्ञान सीप तथा आचरणमा अपेक्षित परिवर्तन आयो आएन र नआएको अवस्थामा भविष्यमा के कस्तो योजना वनाउने भन्ने समग्र कार्यलाइ सिकाइ मुल्याङ्कन भनिन्छ । तसर्थ मुल्याङ्कनले विद्यर्थीको स्तर वर्गिकरण गर्ने मात्र नभइ उनिहरुको समग्र सिकाइलाइ निर्देसित गर्नु पर्दछ । विंद्यालय तहमा विद्यार्थी उपलब्धि मूल्याङ्कनका लागि निर्माणात्मक मूल्याङ्कन (Formative Assessment) प्रक्रिया अवलम्बन गरी सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गरिनुका साथै निर्णयात्मक मूल्याङ्कन (Summative Assessment) प्रक्रियालाई अवलम्बन गरी विद्यार्थीको सिकाइस्तर निर्धारण गर्नुपर्छ ।

**क. निर्माणात्मक मूल्याङ्कन (Formative Assessment)**

निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीहरूको सिकाइ स्तरमा सुधार गर्नु हो । यसका लागि शिक्षकले विद्यार्थीको व्यक्तिगत सिकाइ उपलब्धिका आधारमा पटक पटक सिकाइ अवसर प्रदान गर्नुपर्ने हुन्छ । विद्यालय तहको निर्माणात्मक मूल्याङ्कनमा कक्षागत सिकाइ सहजीकरणको अभिन्न अङ्गका रूपमा गृहकार्य, कक्षाकार्य, प्रयोगात्मक तथा परियोजना कार्य, सामुदायिक कार्य, अतिरिक्तक्रियाकलाप, एकाइ परीक्षा, मासिक तथा त्रैमासिक परीक्षा जस्ता मूल्याङ्कनका साधनहरूको प्रयोग गर्न सकिनेछ । यस्तो मूल्याङ्कनमा विद्यार्थीको अभिलेख राखी सिकाइ अवस्था यकिन गरी सुधारात्मक

तथा उपचारात्मक सिकाइबाट सुधार गर्ने पक्षमा जोड दिइने छ । विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीका लागि विषय शिक्षकले नै उपयुक्त प्रक्रिया अपनाई मूल्याङ्कन गर्नुपर्ने छ । निर्माणात्मक मूल्याङ्कनको नतिजालाई विषयगत पाठ्यक्रममा तोकिएअनुसार अभिलेखीकरण गर्नुपर्छ ।

निर्माणात्मक मूल्याङ्कनबाट प्राप्त नतिजामा आधारित आन्तरिक मूल्याङ्कन ५० प्रतिशत भार तथा अन्तिम परीक्षाको नतिजाका आधारमा ५० प्रतिशत भार निर्धारण गरी निर्णयात्मक मूल्याङ्कन गर्नुपर्ने छ । निर्माणात्मक मूल्याङ्कनले विद्यार्थिको स्तर निर्धारण गर्ने नभइ  सिकाइका लागि प्रयोग गरिन्छ । कक्षाकोठामा गरिने मूल्याङ्कनले सिकाइ सहजीकरण प्रक्रिया अर्थात शिक्षण सिकाइ प्रक्रियाकै एउटा अङ्गका रूपमा विद्यार्थीको नियमित लेखाजोखा गरी विद्यार्थीको सिकाइमा निरन्तर सुधार गरी न्यूनतम सिकाइस्तर प्राप्तिको सुनिश्चितता गर्दछ । यसले विद्यार्थीलाई न्यूनतम सिकाइ स्तर प्राप्तिका साथै उनीहरूलाई सिकाइमा निरन्तर प्रगति गर्ने अवसर सिर्जना गर्न सहयोग गर्दछ । कक्षाकोठामा गरिने यस्तो मूल्याङ्कनले विद्यार्थीको सिकाइको वर्तमान अवस्था पत्ता लगाई सुधारका लागि मार्ग पहिचान गर्न सहयोग गर्नुका साथै अपेक्षित सिकाइ गर्ने विद्यार्थीका लागि अग्रिम सिकाइका लागि निर्देशित पनिगर्दछ । कक्षाकोठामा गरिने यस्तो मूल्याङ्कनलाई विद्यार्थीको स्तर वा ग्रेड निर्धारणका लागि गरिने सिकाइको मूल्याङ्कनका रूपमा नलिई सिकाइ सुधारगर्ने प्रयोजनका लागि गरिने मूल्याङ्कन अर्थात् त्यसलाई मूलतः सिकाइका लागि मूल्याङ्कनका रूपमा प्रयोग गरिनुपर्दछ । अर्को शब्दमा सिकाइको क्रममा कक्षाकोठामा गरिने यस्तो मूल्याङ्कन निर्माणात्मक प्रकृतिको हुनु पर्दछ ।

निर्माणात्मक प्रयोजनका लागि सञ्चालन गरिने यस्तो मूल्याङ्कनका लागि विद्यार्थीले के सिक्ने हो भन्ने कुरा निर्धारण गर्नु पर्दछ अर्थात् अपेक्षित सिकाइउपलब्धि तय गर्नु पर्दछ । विद्यार्थीले के सिक्ने भन्ने कुराको निर्धारण गरेपछि विद्यार्थीको सिकाइको वर्तमान अवस्था वा निश्चित सिकाइ क्रियाकलाप पछिको विद्यार्थीको सिकाइ अवस्था वा स्तर के कस्तो छ भनी विभिन्न साधन तथा माध्यम प्रयोग गरी पत्ता लगाउनुपर्छ । यसरी विद्यार्थीको वर्तमान सिकाइ अवस्था पहिचान गरिसकेपछि सिकाइको निर्धारित लक्ष्यमा कसरी पुग्ने भन्ने मार्ग तय गर्नुपर्दछ । यसरी विद्यार्थीको अपेक्षित सिकाइ स्तर तय गर्ने, सिकाइको वर्तमान अवस्था वा स्तर पत्ता लगाउने र कसरी अपेक्षित सिकाइस्तर प्राप्त गर्ने भनी तय गर्ने कार्यका लागि विद्यार्थीको निर्माणात्मक मूल्याङ्कन गरिन्छ । आधारभुत तहमा गरिने विद्यार्थी मूल्याङ्कनलाई सिकाइ प्रक्रियाकै अभिन्न अङ्गका रूपमा प्रयोग गर्नु पर्दछ । यस्तो मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीको सिकाइ उपलब्धि तथा कमजोरीको निरन्तर लेखाजोखा गरी सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्नु हो । यस्तो पृष्ठपोषण दुई चरणमा हुनसक्दछ । पहिलो चरणमा शिक्षण सिकाइको क्रममा वा निश्चित विषयवस्तु सिकाइपश्चात् गरिएको मूल्याङ्कनमा अपेक्षित उपलब्धि प्राप्त गर्ननसकेका विद्यार्थीका कठिनाइका क्षेत्र पत्ता लगाई सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नु र दोस्रो चरणमा पटकपटकका सुधारात्मक सिकाइ क्रियाकलापबाट पनि सिकाइ सुधार हुन नसकेका विद्यार्थीहरूका लागि उपचारात्मक सिकाइ क्रियाकलाप तर्जुमा गरी सिकाइमा सुधार गर्नुपर्दछ । कक्षाकोठामा आधारित निर्माणात्मक मूल्याङ्कनले प्रत्येक विद्यार्थीलाई न्यूनतम

सिकाइ स्तर प्राप्त गर्ने सुनिश्चितता गरी माथिल्लो सिकाइ स्तर प्राप्त गर्न सहयोग गर्नुपर्दछ ।यसबाट विद्यार्थीहरूको कक्षादोहोऱ्याउने क्रमलाई न्यून गरी शैक्षिक क्षति घटाउन सहयोग पुग्नाका साथै न्यूनतम स्तरको सिकाइ सुनिश्चित भई थप सिकाइका लागि अवसर सृजना हुनेछ ।

**ख) निर्णयात्मक मूल्याङ्कन (Summative Assessment)**

निर्णयात्मक मूल्याङ्कन लाइ आवधिक मूल्याङ्कन पनि भनिन्छ । यो मूल्याङ्कन निश्चित अवधिमा औपचारिक रुपमा संचालन गरी विद्यार्थिको स्तर निर्धारण गर्न प्रयोग गरिन्छ । यसको प्रमुख आधार विषयगत पाठ्यक्रममा तोकिए अनुसार हुने छन् । परीक्षामा अपाङ्गता भएका तथा विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीहरूलाई केही खास खास विषयहरूमा अरू साधारण विद्यार्थीलाई दिइने प्रश्नभन्दा अलग प्रश्न बनाई मूल्याङ्कन गर्न सकिने छ । विशेष आवश्यकता भएका विद्यार्थीका लागि परीक्षाको समय थप गर्न सकिने छ । यस सन्दर्भमा विद्यार्थी मूल्याङ्कनले उनीहरूलाई सिकाइका लागि प्रोत्साहन गर्नुका साथै सिकाइ सुधारका लागि मार्ग प्रशस्त गर्नुपर्दछ भन्ने दृष्टिकोणमा आधारित भई कक्षाकोठामा आधारित मूल्याङ्कनका प्रक्रिया, रणनीति तथा साधनहरू प्रयोग गर्नु आवश्यक छ । कक्षाकोठामा आधारित मूल्याङ्कनका लागि विभिन्न किसिमका साधनहरू प्रयोग गरेर विद्यार्थीको सिकाइको निरन्तर लेखाजोखा गरी शिक्षण सिकाइ प्रक्रियाको अभिन्नअङ्गका रूपमा अभ्यास गरी सिकाइ सुधारमा उपयोग गरिन्छ । कक्षाकोठामा आधारित यस्तो मूल्याङ्कनको अभिलेखलाई सञ्चित गरी आवश्यकतानुसार सिकाइको मूल्याङ्कनका रूपमा अर्थात् विद्यार्थीको सिकाइस्तर पहिचान गर्ने प्रयोजनमा पनि प्रयोग गर्न सकिने हुन्छ । यसरी निर्माणात्मक उद्देश्यले गरिने कक्षाकोठामा आधारित मूल्याङ्कनको अभिलेखलाई निर्णयात्मक प्रयोजनमा पनि प्रयोग गर्न सकिने भएकाले यस्तो मूल्याङ्कन पद्धतिलाई निरन्तर मूल्याङ्कन पद्धति पनि भन्ने गरिन्छ ।

**मूल्याङ्कन विधि र प्रक्रियाः**

१ विधार्थीको सिकाई उपलब्धी मापनका लागि मुल्यांकन अनिवार्य छ । मुल्यांकनका प्रकारहरु धैरै भएता पनि अध्यापनको क्रममा शिक्षण सुधार उपचारात्मक शिक्षण र पृष्ठपोषणका लागि भने आन्तारिक मुल्यांकन गरिन्छ ।आन्तारिक मुल्यांकन अन्तर्गत गृहकार्य , कक्षकार्य ,परियोजनाकार्य ,सामुहिक कार्य , आन्तारिक क्रियाकलाप एकाई मासिक र त्रैमासिक परिक्षा आदि पर्दछन् । यस मुल्यांकन पद्यतिमा भने विधार्थीको प्रोट फोलियो वनाई अभिलेख राख्नु पर्दछ ।

२ कक्षा ६ देखि ८ मा ५० प्रतिशत आन्तारिक अंक भार ५० आवधिक मुल्यांकनको अंकभार कायम गरिएको छ । पाठयक्रममा समावेश पाठको आधारमा विशिष्टीकरण तालिका वनाई सोही अनुसार प्रश्नपत्रहरु निर्माण गरि आवधिक मुल्यांकन गर्ने ।

३ मूल्याङ्कनपश्चात कुनै विद्यार्थीले अपेक्षित नतिजा प्राप्त गर्न नसकेमा सुधारात्मक शिक्षण सिकाइको प्रक्रियाअनुरुप विद्यार्थीको सिकाइ सुधार गरीअपेक्षित सिकाइ सुनिश्चित गर्नुपर्छ । पटकपटकको सुधारात्मक शिक्षण सिकाइ प्रक्रियाबाट पनि न्यूनतम सिकाइउपलब्धि हासिल गर्न नसक्ने विद्यार्थीका उपचारात्मक शिक्षणको प्रबन्ध गर्नुपर्छ ।

४. मूल्याङ्कनको नतिजालाई विषयक्षेत्र तथा सिकाइ उपलब्धिअनुसार अभिलेखीकरण गर्नुपर्छ। विद्यार्थीको व्यक्तिगत फायल खडा गरी मूल्याङ्कनको नतिजाका साथै अन्य सान्दर्भिक विवरणसहितको कार्यसञ्चयिका व्यवस्थित गरेर राख्नुपर्छ।

५. मूल्याङ्कन नतिजाको अभिलेखलाई विद्यार्थीको सिकाइ अवस्था पहिचान गर्न, भावी सिकाइको योजना निर्माण गर्न र सिकाइ उपलब्धिको प्रगतिको अभिलेखका रूपमा विद्यालय, शिक्षक, विद्यार्थी तथा अभिभावकले आवश्यकतानुसार प्रयोग गर्नुपर्छ।

६. विद्यार्थीलाई स्वमूल्याङ्कन तथा प्रतिविम्बन गर्न र सिकाइ सुधारको आवश्यकता तथा उपाय पहिचान गर्न शिक्षक तथा अभिभावकले प्रेरित गर्नुपर्छ।

**मुल्याङ्कनका तरीका र साधनः**

परीक्षण गरिने सिकाइ उपलब्धि तथा विषयवस्तुको स्वरूप, विद्यार्थीको उमेर तथा रुचि, उपलब्ध स्रोत तथा साधन, कक्षामा भएका विद्यार्थी सङ्ख्या, शिक्षकको क्षमता तथा रुचि जस्ता पक्ष विचार गरेर मूल्याङ्कनका तरिका र साधनको छनोट तथा विकास गर्नुपर्छ। मूल्याङ्कनका साधनहरूले सिकाइ उपलब्धिअनुसारको सूचक अर्थात विद्यार्थीको अपेक्षित क्षमता मापन गर्न सक्नुपर्ने भएकाले साधनहरू वैध हुनुपर्छ। मूल्याङ्कनका साधनहरूको अर्को गुणभनेको फरकफरक स्थान तथा व्यक्तिले परीक्षण गर्दा नतिजामा एकरूपता आउनुपर्दछ अर्थात् साधनहरू विश्वसनीय हुनुपर्छ। यस्तैअर्को महत्वपूर्ण गुण विविधताको सम्बोधन गर्न सक्नुहो। यहाँ विविधतालाई मूलतः दुई रूपमा लिन सकिन्छ। पहिलो, विद्यार्थीका विविध क्षमतामापन गर्नसक्ने गरी साधनमा विविधता कायम गर्नु हो भने अर्को एकभन्दा बढी साधन प्रयोग गर्नु वा एकभन्दा बढी साधन विकास गरी विद्यार्थीको रुचितथा प्राथमिकताअनुरुपको साधन छनोट गरी प्रयोग गर्नु पनि हो।

मूल्याङ्कनका विभिन्न तरिका तथा साधनहरू हुन्छन्। त्यसैले यस्तै तरिका तथा साधन मात्र प्रयोग गर्नुपर्छ भन्नेकुरा उपयुक्त नहुने भएकाले मूल्याङ्कनका सम्भाव्य तरिका तथा साधनहरू मात्र यहाँ उल्लेख गरिएको छ। शिक्षकले आवश्यकतानुसारका तरिका तथा साधन छनोट गरी विद्यार्थीको मूल्याङ्कन गर्नुपर्ने हुन्छ। सिकाइ मूल्यङ्कनका लागि प्रयोग गर्न सकिने कार्य तथा साधनहरूबाट प्राप्त सूचनाहरूलाई निश्चित स्वरूपमा अभिलेखीकरण गरिनुपर्दछ। कक्षा कार्य, उनीहरूको व्यवहारमा आएको परिवर्तन, सिर्जनात्मक कार्य, कक्षा सहभागिता तथा विद्यार्थीका कार्यको प्रदर्शनको परीक्षणको अभिलेखीकरण शिक्षकको अवलोकनको माध्यमबाटगर्न सकिने भएकाले यसका लागि उपयुक्त अवलोकन फाराम तयार गर्नुपर्दछ। यसका लागि विभिन्न प्रकारका रुजु सूची तयार गरी विद्यार्थी परीक्षण तथा मूल्याङ्कन गरिन्छ। विद्यार्थीका कार्य तथा उपलब्धिसहित उनीहरूका विभिन्न विवरण व्यवस्थित तरिकाले राख्ने गरी कार्यसञ्चयिका तयार गरी विद्यार्थीको प्रगति के कति मात्रामा र के कसरी भइरहेको छ, के कस्ता कमीकमजोरी रहेका छन्र ती कमीकमजोरी हटाई सिकाइमा सुधार के, कसरी गर्ने भन्ने कार्यका लागि यसबाट सहयोग पुग्दछ।

**मूल्याङ्कनका सम्भाव्य साधन**

शिक्षक निर्मित तथा स्तरिकृत लिखित तथा मौखिक परिक्षा, परियोजना कार्य अवलोकन, चित्र प्रदर्शन गरी वोध परीक्षा, ब्यवहार अवलोकन, पोर्टफोलियो निर्माण, घटना अध्ययन, गृहकार्य, कक्षा कार्य, समुहकार्यमा सहभागिता, अन्तरवार्ता, रुजु सुचि, खेल तथा कार्यक्रममा सहभागिताको स्थिति, अभिभावक संगको अन्तरवार्ता, अतिरिक्त कार्यकलापमा सहभागिता, दिमाग खियाउने प्रश्न, सिर्जनात्मक कार्य, सामाजिक कार्यमा सहभागिता सहपाठी मुल्यङ्कन आदि ।

मूल्याङ्कन तरिका तथा साधनमध्ये उपयुक्त तरिका तथा साधन प्रयोग गरी प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको उपलब्धि परीक्षण गरेर उपलब्धिस्तरलाई निम्नअनुसार श्रेणिकरण गर्नुपर्दछ ।

**विद्यार्थीको उपलब्धिस्तर र त्यसको सामान्य व्याख्याः**

| **क्र. सं.** | **उपलब्धि स्तर** | **उपलब्धिस्तरको व्याख्या** | **मापन** |
|---|---|---|---|
| १ | कमजोर | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धका लागि सुधारात्मक सिकाइआवश्यक भएको | १ |
| २ | समान्य | मुख्य सिकाइ उपलब्धि आंशिक रुपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको | २ |
| ३ | राम्रो | मुख्य सिकाइ उपलब्धि धैरैजसो हासिल गरेको र सुधारात्मक सिकाइ आवश्यक भएको | ३ |
| ४ | उच्च | मुख्य सिकाइ उपलब्धि हासिल भई माथिल्लोस्तरको उपलब्धि समेत हासिल गरेको | ४ |

पहिलो चरणमा दैनिक कक्षा क्रियाकलापका रूपमा विद्यार्थीको सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइ सुधार गर्नुपर्दछ । मूल्याङ्कनको दोस्रो चरणमाकुनै सिकाइ उपलब्धि हासिल भयो वा भएन भनी उल्लिखित तरिका तथा साधनमध्ये उपयुक्त साधनहरू प्रयोग गरीविद्यार्थीको मूल्याङ्कन गरी सिकाइस्तरअभिलेखीकरण गर्नुपर्दछ । यसरी अभिलेखित सिकाइस्तर १ वा २ मात्र भएमा सुधारात्मक सिकाइको योजना निर्माण गरी कम्तीमा उपलब्धिस्तर ३ पुऱ्याउने प्रयास गर्नुपर्दछ । यदि पटक पटकको प्रयासबाट पनि कुनै विद्यार्थीको उपलब्धिस्तरमा सुधार हुन नसकेमा यसको कारण खोजी गरी उपचारात्मक सिकाइको योजना बनाउनु पर्दछ भने अन्यलाई अग्रिम सिकाइमा सरिक गराउनुपर्दछ । सुधारात्मक सिकाइ पछि पुनः विद्यार्थीको मूल्याङ्कन गरी उपलब्धिस्तर निर्धारण गरेर पुनःअभिलेखीकरण गर्नुपर्छ । निश्चित सिकाइक्षेत्रका सिकाइउपलब्धिहरूको सिकाइ परीक्षणपश्चात् सो सिकाइक्षेत्रको औसतसिकाइ उपलब्धिसमेत गणना गरी विद्यार्थी र अभिभावकसँग छलफल गरी विद्यार्थीका सबलता र सुधारका क्षेत्र र उपाय पहिचान गर्नुपर्छ । यही क्रममा सबै विषयक्षेत्रको सिकाइ पश्चात् सबै सिकाइ उपलब्धिको परीक्षण गरी प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर

सहित विषयक्षेत्रगत औसत सिकाइ उपलब्धि निकाल्न सकिन्छ । त्यसै गरी मुख्य व्यवहारकुशल सीपमा विद्यार्थीको उपलब्धिस्तर पनि अभिलेखित गर्न सकिन्छ । यसरी तयार गरिएको अभिलेख नै विद्यार्थीको वार्षिक उपलब्धिको प्रतिवेदन हुने छ । विद्यार्थीको सिकाइ उपलब्धिको यस्तो अभिलेख तथा प्रतिवेदनको प्रयोग शिक्षक, विद्यार्थी, अभिभावक तथा विद्यालयले विद्यार्थीको सिकाइस्तरको सुनिश्चिता गर्ने, सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्न र भावी सिकाइकालागि योजनाका लागि गरिन्छ ।

**अपाङ्गता भएका विद्यार्थीका लागि मूल्याङ्कनका तरिका तथा साधनको प्रयोगः**

विभिन्न किसिमका अपाङ्गता भएका विद्यार्थीका लागि उल्लिखित मूल्याङ्कनका तरिका तथा साधनहरूमध्ये कतिपय उपयोगी नहुन पनि सक्दछन् भने कतिपय तरिका तथा साधनहरूको प्रयोगमा भिन्नता ल्याउनुपर्ने हुन सक्दछ । शिक्षकले आफ्नो कक्षाकोठामा भएका विद्यार्थीको अपाङ्गताको किसिम तथा स्वरूपअनुरूप प्रयोग गर्न सकिने मूल्याङ्कनका वैकल्पिक तरिका तथा साधनहरूको तयारी गरी उपयुक्त तरिका तथा साधन प्रयोग गर्नुपर्छ । मूल्याङ्कनका कुनै साधन उपयुक्त नभएकै आधारमा कुनै पनि विद्यार्थीलाई सिकाइको मूल्याङ्कन र पृष्ठपोषण प्राप्त गर्ने अवसरबाट वञ्चित नहुने गरी शिक्षकले वैकल्पिक तरिकाहरूको खोजी तथा तयारी गर्नुपर्दछ । विभिन्न किसिमका अपाङ्गता भएका विद्यार्थीका लागि उपयोगी मूल्याङ्कनका वैकल्पिक तरिका तथा साधनहरूको विविधता र परिस्थितिजन्यतालाई विचारगर्दा सबै तरिका तथा साधनहरू उल्लेख गर्न सम्भव देखिँदैन र यसो गर्नु उपयुक्त पनि हुँदैन । त्यसैले यहाँ वैकल्पिक तरिका तथा साधनका केही उदाहरणमात्र प्रस्तुत गरिएको छ ।

- दृष्टि क्षमता कमजोर भएका विद्यार्थीका लागि पढ्नुपर्ने कार्य वा प्रश्न ठुलो आकारको अक्षरमा छाप्ने, अतिरिक्त प्रकाश भएको स्थानमा कार्य गर्नेवा परीक्षा दिने व्यवस्था गर्ने, परिस्थितिअनुरूप आवश्यक देखिए अतिरिक्त समय दिने ।
- दृष्टिविहीनमध्ये ब्रेललिपि पढ्न र लेख्न सक्नेहरूका लागि सोहीअनुसार व्यवस्था गरी आवश्यकतानुसार अतिरिक्त समय दिने । तर ब्रेललिपि प्रयोग नगर्नेका लागि सहयोगी व्यवस्था गर्ने वा मौखिक वा अन्य कुनै वैकल्पिक तरिका तथा साधन प्रयोग गर्ने । जस्तै विकल्पका रूपमा प्रश्न वा कार्यको निर्देशनको रेकर्ड दिएर उत्तर वा कार्यको विवरण रेकर्ड गर्न लगाउने । यस्ता विद्यार्थीहरूका लागि चित्र बनाउने तथा प्रयोगात्मक कार्यका विकल्प तयार गर्ने ।
- दृष्टि क्षमता कमजोर भएका र दृष्टिविहीनका लागि लिखित कार्यको विकल्प कम्प्युटर प्रविधि तथा सफ्टवेयर उपलब्ध भएमा र प्रयोग गर्न सक्नेभएमा त्यसको उपयोग गर्न सकिन्छ ।
- कमजोर सुनाइ क्षमता भएकाहरूका लागि मौखिक प्रश्न तथा निर्देशनमा विशेष ध्यान दिई आवश्यक भए वैकल्पिक तरिका प्रयोग गर्नुपर्छ ।यस्ता विद्यार्थीका लागि विकास गरिएका कम्प्युटर प्रविधि तथा सफ्टवेयर उपलब्ध भएमा र प्रयोग गर्न सकेमा त्यसको उपयोग गर्न सकिन्छ ।
- शारीरिक रूपमा कमजोर तथा अपाङ्गता भएकाहरूका लागि अपाङ्गताको स्वरूपअनुरूपको वैकल्पिक प्रबन्ध गर्ने ।
- बौद्धिक अपाङ्गता भएका लागि आवश्यकतानुसार वैकल्पिक तरिका तथा साधनहरूको पहिचान, तयारी तथा प्रयोग गर्ने ।

सन्दर्भसूची (Reference):

आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम २०७६, पाठ्यक्रम विकास केन्द्र

श्रुती कथन तथा किंवदन्तीहरु

गोरखा नगरपालिकाको स्थानीय पाठ्यक्रम (कक्षा १-३)

गोरखा नगरपालिकाद्वारा विभिन्न समयमा प्रकाशित ब्रोसर तथा बुलेटिनहरु

गोरखा संग्रहालयमा रहेका फोटो तथा तस्विरहरु

प्राचीन आलेख, शिलालेख तथा ताम्रपत्रहरु

मठ मन्दिरमा रहेका चित्र तथा तस्विरहरु

राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६

स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन २०७६